लेखापरीक्षण प्रतिवेदन

नौमुले गाउँपालिका, दैलेख

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

नौमुले गाउँपालिका, दैलेख

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/347

श्रीमान् अध्यक्षज्यू,

नौमुले गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

दैलेख।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।



(टिकाराम श्रेष्ठ)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/347

श्रीमान् अध्यक्षज्यू,

नौमुले गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,

दैलेख।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियतसहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियतसहितको राय व्यक्त गर्ने आधार

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रु.१ अर्ब १७ करोड ५२ लाख ७३ हजारको लेखापरीक्षणबाट रु.३ करोड ३५ लाख ८३ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.९ लाख २० हजार फर्स्यौट भई असुल गर्नुपर्ने रू.२ लाख १४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४९ लाख ९७ हजार, नियमित गर्नुपर्ने रू.२ करोड ७२ लाख २२ हजार र पेस्की बाँकी रु.२ लाख ३० हजार गरी जम्मा रु.३ करोड २६ लाख ६३ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु.३८ करोड ३३ लाख ७५ हजारमध्ये रु.२७ लाख ४७ हजार फर्स्यौट भई हालसम्म अद्यावधिक बेरुजु रु.४१ करोड ३२ लाख ९१ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूतरूपमा गलत आकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



(टिकाराम श्रेष्ठ)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट संपरीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम							
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
६२	५१	३,३५,८३,८४७	०	२७	९,२०,४८५	०	६२	२४	३,२६,६३,३६२	२,१३,७०२	२,७२,२१,८७७	४९,९७,७८३	०	०	३,२२,१९,६६०	२,३०,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष संपरीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
दैलेख	३८,३३,७५,२०३		२७,४७,४७६	३८,०६,२७,७२७	०	३,२६,६३,३६२	४१,३२,९१,०८९

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	57.२	लोहोरे खोला करिडोर निर्माण	८५,१९७
२	२०८१/८२	४३	बढी भुक्तानी	२,९०,२८५
३	२०८१/८२	४४	फरक संस्थालाई भुक्तानी	१,०४,४००
४	२०८१/८२	५०	प्रशिक्षक भत्ता	१६,८२०
५	२०८१/८२	४९	प्रविधि हस्तान्तरण कार्यक्रम	२,४३३
६	२०८१/८२	३१	पेश्की बाँकी	२,४७,०००
७	२०८१/८२	६६.१	परामर्श कार्य	१,२४,८००
८	२०८१/८२	५३	निशुल्क पाठ्युस्तक	३७,१५०

९	२०८१/८२	७५.६	आन्तरिक लेखापरीक्षणको व्यहोरा	१२,४००
१०	२०८०/८१		झोलुङ्गे पुल निर्माण	४,९८,३२०
११	२०८०/८१		उपभोक्ता अंश कट्टी नगरेको	८,१२,४३३
१२	२०७९/८०		सामाजिक सुरक्षा	८६,५१६
१३	२०७९/८०		भुक्तानीमा कर	३४,५२९
१४	२०७९/८०		बढी भुक्तानी	९८,०२८
१५	२०७९/८०		पेश्की फिर्ता	२,९५,९९७
१६	२०७९/८०		एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम	९,२१,६५३
जम्मा				३६,६७,९६१

नौमुले गाउँपालिका, दैलेख

(८०६६७५०४३००)

नौमुले गाउँपालिका , दैलेख

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नौमुले पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता सह—अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता उत्तरदायित्व पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४३ सभा सदस्य, २२८.८९ वर्ग किलोमिटर क्षेत्रफल र १९ हजार ६८७ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।८।१ देखि २०८२।८।२९ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति - पालिकाको आय - व्ययतर्फ रु.१ अर्व १७ करोड ५२ लाख ७२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.९ लाख १४ हजार असुल भइ दाखिला प्रमाण लेखापरीक्षण फाइलमा समावेश गरिएको छ।

सि.नं	बिवरण	रकम रु.
१	शिक्षण सिकाइ तालिमा बढी भुक्तानी रु.	६९०००
२	राजस्व ढिला दाखिलाको व्याज असुल रु.	२३५६
३	दिवा खाजा बढि निकासा असुल रु.	१४९८५
४	पाठ्य पुस्तक वापतको रकम बढी निकासा असुल रु.	२०१९२
५	प्रशिक्षक भत्ता बढी भुक्तानी असुल रु.	८०७५
६	सूचना प्रकाशन बढि भुक्तानी असुल	७२०००
७	पोषण प्रोत्साहन रकम बढी भुक्तानी असुल रु.	९७५००
८	आन्तरिक लेखापरीक्षणमा देखिएको व्यहोरा असुल रु.	८९७४
९	कार्यक्रमको दोहोरो भुक्तानी (संचित कोष दाखिला भौ.नं.१०४८६३०३९ – ५ डिसेम्बर २०२५)	७७१४९
१०	सहिद तथा वेपत्ता परिवार सम्मान कार्यक्रममा दोहोरो भुक्तानी असुल रु.	७३९४०
११	पदाधिकारी पोशाक भत्ता असुल रु.	४३००००
१२	पदाधिकरी भ्रमण तथा बैठक भत्ता दोहोरो असुल रु.	४०२७५
	जम्मा	९१४४४६

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण**

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको एकीकृत आय व्ययको विवरण देहायबमोजिम रहेको छ ।एकीकृत वित्तिय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसूचीमा संलग्न छ।

गाउँपालिका नौमूले दैलेख

आर्थिक वर्ष २०८१।०८२

आर्थिक कारोबारको एकीकृत विवरण

प्राप्ति			भुक्तानी		
विवरण	रकम		विवरण	रकम	रकम
सुरु मौज्दात		53254978.14	चालु खर्च		३५११५९
१.संचित कोष	४१२०३४६		१. पालिका तर्फ	१३०४५१९१८.२६	
२.धरौटी	३३२२७७७.९२		२. संघीय सशर्त	२१४२३५३४७.८७	
३.कार्यसञ्चालन कोष	३७५७७६७.२२		३. संघीय विशेष	४९१५०००.००	
४. अन्य कोष	१५०००.००		४. प्रदेश सशर्त	१५५६९९५.००	
यस वर्षको आय	०.००		५. प्रदेश विशेष	०.००	
१.आन्तरिक आय	२४६०७७८.००			०.००	
संघिय धरौटि	२४९५१९५.००		पुँजीगत खर्च	०.००	११७७७५
२. वित्तीय हस्तान्तरण (संघ)	०.००	४०२६५०२३८.०५	१. पालिका तर्फ	५६११९३७९.७०	
क) समानीकरण अनुदान	७८४५४८००.००		२. संघीय सशर्त	१७०५१०००.००	
ख) राजस्व बाँडफाँट	९०११७५९०.१८		३. संघीय विशेष	४९१५०००.००	
ग) सशर्त अनुदान	२३१४०१८४७.८७		४. संघीय समपुरक	४६६१०००.००	
घ) समपुरक अनुदान	४७६१०००.००		५. प्रदेश सशर्त	३१९४४१९४.००	
ङ) विशेष अनुदान	४९१५०००.००		६. प्रदेश विशेष	०.००	
च) रोयल्टी	०.००		७. प्रदेश समपुरक	३०९२६४६.००	
छ) अन्य	०.००		अन्तर सरकारी अख्तियारी (संघ)	०.००	११६६३९
३. वित्तीय हस्तान्तरण (प्रदेश)	०.००	५५०५८४५४.८३	क) सामाजिक सुरक्षा	८६५९०१९६.००	
क) समानीकरण अनुदान	९३४५०००.००		ख) गरिबसँग विश्वेश्वर कार्यक्रम	०.००	
ख) राजस्व बाँडफाँट	१०५३८१३.८३		ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	७५०११२०.००	
ग) सशर्त अनुदान	४०५५६९९५.००		घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१७५४८९५.००	
घ) समपुरक अनुदान	३०९२६४६.००		ङ) घरेलु तथा साना उद्योग प्रवर्द्धन कार्यक्रम	२९९२५२.००	
ङ) विशेष अनुदान	०.००		च) एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम	१७४४६०६६.००	
च) रोयल्टी	०.००		छ) आन्तरीक मामिला तथा कानुन मन्त्रालय	३०४८०००.००	
छ) अन्य	०.००		कार्यसञ्चालन कोषबाट भएको खर्च	४६६५१७७.००	४६६५
४. अन्तर सरकारी अख्तियारी (संघ)	०.००	११६६३९५२९.००	अन्य कोषबाट भएको खर्च	०.००	
क) सामाजिक सुरक्षा	८६५९०१९६.००		गैरसरकारी संस्थाबाट सञ्चालित योजना	०.००	
ख) गरिबसँग विश्वेश्वर कार्यक्रम	०.००		अन्य सहयोगमा सञ्चालित योजना	०.००	
ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	७५०११२०.००		अन्य खर्च भएमा	०.००	
घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१७५४८९५.००		अनुदान फिर्ता	०.००	
ङ) घरेलु तथा साना उद्योग प्रवर्द्धन कार्यक्रम	२९९२५२.००		१. संघ तर्फ	०.००	
च) एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम	१७४४६०६६.००		क) सशर्त अनुदान	०.००	
छ) आन्तरीक मामिला तथा कानुन मन्त्रालय	३०४८०००.००			०.००	
८. कार्यसञ्चालन कोष आय	०.००		ख) विशेष अनुदान	०.००	
९. अन्य कोषको आय	०.००		ग) समपुरक अनुदान	०.००	
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना	०.००		२. प्रदेश तर्फ	०.००	
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना	०.००		क) सशर्त अनुदान	०.००	
१२. अन्य आय भएमा	४१२२४२४.७५	४१२२४२४.७५	ख) विशेष अनुदान	०.००	
१३. संघीय धरौटी आम्दानी	५७२८२३.००	५७२८२३.००	ग) समपुरक अनुदान	०.००	
	०.००		अन्तिम मौज्दात	०.००	४८०४९
	०.००		१. संचित कोषको मौज्दात	४०२७१३०५.८९	
	०.००		२. धरौटी	३३२२८५७.९२	
	०.००		३. कार्यसञ्चालनकोष	१३८७६८९.१३	
	०.००		४. संघीय धरौटी	३०६७४७८.००	
जम्मा	६३८२८८४४७.७७	६३८२८८४४७.७७		६३८२८८४४७.७७	६३८२८८

नौमूले गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नौमूले, दैलेख
कर्णाली प्रदेश, नेपाल

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको एकिकृत वित्तिय प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले देहाय बमोजिमको संघीय सरकारबाट प्राप्त अन्तरसरकारी अख्तियारीको रु.११२८११५२९ तथा प्रदेशतर्फ आन्तरीक मामिला तथा कानून मन्त्रालयको रु.३०,४८,०००।० समते रु.११,५८,५९,५२९।० निकासा तथा खर्च भएकोमा पालिकाले तयार गरेको वित्तिय प्रतिवेदन (म.ले.प.फा.नं २७०) को सहायक लेखा टिप्पणी (२७०-६) मा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय प्रतिवेदन पूर्ण नहुँदा पालिकाले तयार गरेको एकिकृत वित्तिय प्रतिवेदनले (म.ले.प.फा.नं २७०) आर्थिक अवस्थाको यथार्थ चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार वित्तीय विवरणमा समेत खुलासा गर्ने व्यवस्था गर्नुपर्दछ

संघीय तथा प्रदेश सरकारवाट प्राप्त अन्तरसरकारी अख्तियारीको बजेट तथा, निकासा

सि.नं.	कार्यक्रम	बजेट	निकासा/खर्च
१	३०७८१०१४३ घरेलु तथा साना उद्योग प्रवर्द्धन कार्यक्रम	३०००००	२९९२५२
२	३१४०१०१२३ सामाजिक सुरक्षा तथा संरक्षण	८६७८८८४०	८६५९०१९६
३	३७०००११४३ स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	२४३००००	१७५४८९५
४	३७०००११४४ स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	७७७२०००	७५०११२०
५	३७०००११६४ एकीकृत स्वास्थ्य क्षेत्र पूर्वाधार विकास कार्यक्रम	२४९६९०००	१६६६६०६६
६	आन्तरिक मामिला तथा कानूनमन्त्राललय(प्रदेश सरकारतर्फ)	३०४८०००	३०४८०००
	जम्मा	१२५३०७८४०	११५८५९५२९

आन्तरिक मामिला र कानून मन्त्रालयले माओवादी द्वान्द मृतकको हकवाला र पिडितलाई राहतको रुपमा उपलब्ध गराएकोछ। सो रकम जिल्ला प्रशासन कार्यालयले दिएको राहतसँग दोहोरो परेको यकिन हुने आधार समेत यकिन हुने प्रमाण संलग्न गरेको पाइएन।

२.३

फरक हिसाब– यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.१,००,६९,६५०।३० , यस वर्षको प्राप्ति रु. ११,६९,७५,०७२।००, यस वर्षको भुक्तानी रु. १२,६३,९३,९६७।० र बैङ्क मौज्दात रु. ६,५०,७५५।३० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	**गतवर्षको जिम्मेवारी**	**यसवर्षको प्राप्ति**	**यसवर्षको भुक्तानी**	**बैङ्क मौज्दात**
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	**४३१८५३२७.८४**	**४६८०५८३८८.६३**	**४६३८३६१४९.८३**	४७४०७५६६.६४
एकीकृत आर्थिक विवरणअनुसार	५३२५४९७८.१४	५८५०३३४६०.६३	५९०२३०११६.८३	४८०५८३२१.९४
फरक	१००६९६५०.३०	११६९७५०७२.००	१२६३९३९६७.००	६५०७५५.३०

२.४ फरक जिम्मेवारी - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन म.ले.प.फा.नं. २७० अनुसार रु. ४,३१,८५,३२७।८४ र एकीकृत आय व्यय अनुसार रु.५,२३,४०,०७४।१४ मौज्दात रहेकोमा यो वर्ष सुत्र अनुसारको वार्षिक प्रतिवेदन म.ले.प.फा.नं. २७० मा रु.४,३१,८५,३२७।८४ र एकृकीत आय व्यय अनुसार रु.५,३२,५४,९७८।१४ जिम्मेवारी सारेको छ। जस अनुसार एकिकृत आय व्ययमा लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.९,१४,९०४।० बढी जिम्मेवारी सारेको देखियो । पालिकाले जिम्मेवारी बढी लेखांकन गर्दा वित्तीय प्रतिवेदन यथार्थ र विश्वासनीय भएन। यस सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ।

२.५ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

खाता	स्रेस्ताअनुसार मौज्दात रु.	बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.	फरक रु.
स्थानीय तह सञ्चित कोष खाता	४०२७१३०५.८९	४२९३६१५९.७७	२६६४८५३.८८
विविध खर्च खाता	१३८७६८९.१३	१३८७६८९.१३	०
धरौटी	३३२२८५७.९२	३८६०१७१.९२	५३७३१४
स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	१५०००	१५०००	०
जम्मा	**४४९९६८५२.९४**	**४८१९९०२०.८२**	**३२०२१६७.८८**

पालिकाले म.ले.फा.नं. २१२ तयार गरेको पाइएन । श्रेस्ता अनुसार बाँकी मौज्दात रु.४,४९,९६,८५२।९४ र बैक अनुसार रु.४,८१,९९,०२०।८२ देखिएकोमा स्रेस्ता भन्दा बैक मौज्दात रु.३२,०२,१६७।८८ बढी मौज्दात देखिएकोमा सम्बन्धमा स्रेस्ता र बैङ्कबीच हिसाब एकिन एकिन गर्नपर्दछ ।

२.६ सञ्चित कोष हस्तान्तरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात स्रेस्त अनुसार रकम ट्रान्सफर गरेको देखाएता पनि पालिकाको पुँजीगत खर्च खातामा रहेको रु.१,०३,२४,२७७।० चालु खातामा रु.१,२४,६३,४१६।०, आन्तरिक राजस्व खातामा रु.४२,०५,९४२।३७, समेत रु.२,६९,९३,६३५।३७ बैक खातामा रहेको मौज्दात साउन १५ मा संचित खातामा ट्रान्सफर गरेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

३ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८१।०३।८ मा रु.५६ करोड ५६ हजार बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।०३।२५ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। अख्तियारी प्रदान गर्दा साधन स्रोतको उच्चतम प्रतिफल वा उपलब्धी नतिजा उचित गुणस्तर कायम हुने गरी अख्तियारी प्रदान गर्नुपर्दछ।

४ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

५ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप

दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । बजेट यो वर्ष रु.५६,००,५६,२१४।० सुरु बजेट रकमको सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

६ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।
आवधिक योजना नबनाई पालिकाले देहाय बमोजिम (सुत्राअनुसार) बजेट र खर्च गरेको छ ।

सि.नं.	आर्थिक वर्ष	बजेट	खर्च
१	२०८१।८२	५६००५६२१४	४६३८३६१४९
२	२०८०।८१	४४०२१५२७५	४४९६८८५३८
३	२०७९।८०	५४२४५५४०५	४८५२१७५२३
४	२०७८।७९	५३५१३१३४९	४७१७५१३६५
५	२०७७।७८	५०६६६३५४९	४८५४८८३१५

आवधिक योजना नहुँदा योजना र कार्यक्रमले प्रदेश र संघको प्राथमिकता अनुसार देशको लक्षित क्षेत्रमा लगानी नहुने अवस्था हुँदा आवधिक योजना बनाउनु पर्छ।

७ वार्षिक खरिद योजना

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१२ करोड २८ लाख ३० हजार पूँजीगत खर्च/ खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले खरिद योजना/ गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

८ रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजिगत शिर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट पूँजिगत तथा चालु शीर्षकका ११० वटा योजना तथा कार्यक्रममा विनियोजन भएको रु.२ करोड ८ लाख ३५ हजार बजेट घट गरी कुल ७३ वटा योजना तथा कार्यक्रममा बजेट थप रकमान्तर गरेको छ । उक्त रकम शुरु वजेट रु.५६ करोड ५६ हजाको तुलनामा ३.७२ प्रतिशत हुन आउँछ। यसरी कार्यपालिकाको पटक पटकको निर्णयबाट रकमान्तर हुने तथा आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार हुनुपर्दछ।

९ आयोजना बैंक

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, बार्षिक, रणनीतिगत बिषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने, त्यस्ता योजना संघीय सरकार र प्रदेश सरकारका योजना अनुकूल हुनुपर्ने विभिन्न अन्तरसम्बन्धित विषयलाई ध्यान दिई योजना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ। योजना बनाउदा आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादन मुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तरमा आम्दानी र रोजगार बढ्ने, स्थानीय स्तरका जनताको सहभागिता जुट्ने, स्वयम् परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, पिछडिएको वर्ग र समुदायलाई प्रत्यक्ष लाभ हुने योजना सञ्चालन गनुपर्नेमा पालिकाले हालसम्म आयोजना बैंक बनाई कार्यान्वियनमा ल्याएको पाइएन। पालिकाले आयोजना बैंक नवनाई यो बर्ष ९० योजनामा रु.१७ करोड ८६ लाख ४१ हजार बजेट बाँडफाँट गरेको छ । पालिकाले स्थानीय आयोजना बैंकको अवधारणा कार्यान्वयन गरी आयोजना छनौट र आयोजना व्यवस्थापनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

१० **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल ९० योजनामा वजेट विनियोजन गरेको छ।

क्र सं	कार्यक्रमको नाम	योजना संख्या	रु.२० लाख माथिका योजना सङ्ख्या	रु.५-२० लाख सम्मका योजना संख्या	रु.५ लाख भन्दा कमका योजना सङ्ख्या
१	पालिका स्तरिय	३२	९	७	१६
२	वडा स्तरीय	५८	०	३	५५
	जम्मा	९०	९	१०	७१

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ९० योजनामात्र कार्यान्वयन भई **९** योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

११ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

नौमुले गाउँपालिका विनियोजन ऐन, २०८१ बमोजिम क्षेत्रगत बिनियोजन गरी सन्तुलित रुपले खर्च गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	१३०२२०००	१००३८२४४	२.१९
२	पूर्वाधार विकास	११५९७२२६९	७७५४७४०९	१६.८९
३	सामाजिक विकास	२९४१४९०००	२७८५३९४५१	६०.६७
४	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	८४३७०००	७७२८९२२	१.६८
५	अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक	१०७८७५९४५	८५२२११२३	१८.५७
	जम्मा	५३९४५६२१४	४५९०७५१४९	१००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट तथा खर्च मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ६०.६७ प्रतिशत रसंस्थागत विकास तथा सेवा प्रवाहमा सबै भन्दा घटीमा १.६८ प्रतिशत रहेको छ ।

१२ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ९४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ८० जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, सवईन्जिनियर, जनस्वास्थ्य अधिकृत सहित १४ पदहरु रिक्त रहेका छन्।

१३ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले यस वर्ष विभिन्न पदमा ६१ कर्मचारी करामा नियुक्त गरी रु.२,००,२५,९८१।० खर्च गरेको छ। कार्यालयले स्वीकृत दरवन्दीमा बाहेक इन्जिनियर १, सव इन्जिनियर २, असिस्टेन्ट सव इन्जिनियर १, कम्प्युटर अपरेटर १ र सहायक चौथो तहमा ६ समेत ११ कर्मचारी दरबन्दी बाहिर करारमा नियुक्ति गरी रु. ४८८७०१९।० खर्च लेखेको छ। दरबन्दी बाहिर करारमा कर्मचारी नियुक्ति गरी भुकतानी दिएको अनियमित देखिएको रु.

अनियमित भएको	४८,८७,०१९

१४ **तलवी प्रतिवेदन**

कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०८१ को दफा ४३(२) मा प्रदेश लेखा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित गराई स्वास्थ्य तर्फको रु.३,५६,७६,०७२।० र पालिका तर्फको रु.१,६९,९६,५४५।० समेत रु.५,२६,७२,६१७।० तलब भत्ता भुक्तानी गरेको छ । कानुनमा व्यवस्था भए बमोजिम तलबी प्रतिवेदन पारित गरेरमात्र भुक्तानी गरिनुपर्दछ।

१५ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७८।०८।१३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वयन गर्न परिपत्र गरेको छ । तर पालिकाले कानुनमा भएको व्यवस्था वमोजिम त्यस्तो प्रणाली तयार गरी लागु गरेको भएतापनि देहायका क्षेत्रमा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी हुन सकेको देखिएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीयतहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक योजना तयार भएतापनी सो कार्यान्वियनका लागि रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरी प्रगतिको समिक्षा गरेको पाईएन।
- पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको देखिएन।
- वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तथा शहरीकरण भैरहेका स्थानलाई मध्यनजर गरी फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन।
- भ्रमण खर्च नियमावली, २०६४ मा उल्लेख भए बमोजिम पालिकाका पदाधिकारी र कर्मचारीहरूको अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गर्ने गरेको र भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको तथा भ्रमण अभिलेख खाता पूर्ण रुपमा लागू गरेको पाईएन।
- स्थानीय तहले अधिकांश निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाईएन।
- उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरी प्रतिवेदन गर्ने तथा अनुगमनको व्यहोरा कार्यान्वयनको अवस्था मुल्याङ्कन गरेको पाइएन।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन।

- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख तयार गरेको देखिएन।
- ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता तयार गरेको देखिएन।
- पालिकाले पालिका अन्तर्गतका सडकहरू मर्मत गरेको अभिलेख राखेको देखिएन । त्यसले गर्दा एकै स्थानमा दोहोरो पर्ने गरी मर्मत कार्य भए नभएको यकिन गर्न सकिएन।
- स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था गरेको देखिएन।
- मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई प्रदान गरेको पाईएन ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख तयार गरेको देखिएन।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।
- म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरूप बेरूजुको अभिलेख तयार गरेको देखिएन।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरूजुको अभिलेख तयार गरी समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फछ्र्यौट तथा सम्परीक्षण कार्य गरेको देखिएन।
- राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्नुपर्नेमा अमानतवाट सङ्कलन गरेको नगद राजस्व असुली गरी निश्चित अवधि पश्चात् मात्र वैङ्क दाखिला गर्ने गरेको देखियो। सवै कारोवार वैङ्किक प्रणाली मार्फत संङ्कलन गरेको देखिएन।
- उपभोक्ता समितिहरू स्थायी लेखा नम्वर (PAN) मा दर्ता भएको तथा विजक जारी गरेको पाईएन।
- अनुदान वितरण गर्दा लाभग्राही छनौटको मापदण्ड लागत साझेदारीको मापदण्ड तय गरेको पाईएन।
- कुनै रकम भुक्तानी गर्दा सम्वन्धित शाखावाट भुक्तानीको सिफारीस पत्र (म.ले.प.फा.नं. २०२) प्राप्त भए पश्चात मात्र भुक्तानी गर्नुपर्नेमा उक्त व्यवस्थाको पालना भएको देखिएन।
- पालिकाले सम्पन्न गरी भुक्तानी गरेका अधिकांश योजनाको कार्य स्विकार तथा विलमा कार्यालय प्रमुखले प्रमाणित गरेको देखिएन।

  अतः पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणालीमा सुधारको लागि ऐनले तोके बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नु पर्दछ ।

१६ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १२ वटा ऐन, २ वटा नियमावली र २७ कार्यविधि तथा निर्देशिका लगायत वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले ४१ वटा कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ ।

१७ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने

व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४ र यो वर्ष थप भएको ११ गरी कुल १५ विवाद दर्ता भएकोमा ८ वटा मात्र फर्स्यौट भई ७ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

१८ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २९ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण कतपयदले दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१९ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.१४,८५,०००।०० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ४३,३७,५७१।० को ३४.२३ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ, साथै सहायता वितरण गरेको वेभसाइट राख्नु पर्दछ।

२० **लक्ष्य प्रगति**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ मा प्रमुख प्रशासकीय अधिकृतले प्रतिवेदन तयार गरी कार्यपालिको वैठकमा पेश गर्नुपर्ने व्यवस्था छ। कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका वडास्तर तथा पालिका स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने पादाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ। सभाले विनियोजन गरेको देहायको कार्यक्रम तथा योजना सञ्चालन गरेको देखिनएन । पालिकाले पूँजीगततर्फ रु.12 करोड २८ लाख २९ हजार विनियोजन गरेकोमा रु.1 करोड ४० लाख ७५ हजार निष्कृय रहनु उचित भएन। यसमा सुधार गर्नुपर्दछ।

क्र.सं.	कार्यक्रम/ आयोजना/ क्रियाकलापकोनाम	विनियोजन बजेट	खर्च (%)
१	प्रशासकीय भवनको लागि जग्गा खरिद	१0000000	०
२	नौमूले बजार फोहोर मैला व्यबस्थापन	३00000	०
३	प्राविधिक क्याम्पस स्थापना तयारी	५५0000	०
४	जन कल्याण प्रा वि गोरुजुरे छाना मर्मत तथा सुधार	१३0000	०
५	पोष्ठमाटम घर मर्मत सुधार	१00000	०
६	कुटानी पिसानि मिल वितरण वडा नं १	१५0000	०
७	सडक सोरसार तथा स्तरोन्नती कार्यक्रम वडा नं. १	२00000	०
८	बर्थीङ सेन्टर सहयोगी तोलि स्वास्थ्य चौकी वडा नं. १	१४५000	०
९	अमलाचौर कटढुङ्गा टाटेखोला सल्लेरी प्रतिक्षालय सडक निर्माण नौमूले६ र ८	२५00000	०
	जम्मा	१४०७५०००	

२१ **खर्च बिश्लेषण**

नौमुले गाउँपालिका आर्थिक ऐन, २०८१ र नौमुले गाउँपालिका विनियोजन ऐन, २०८१ बमोजिम आन्तरिक आम्दानी र बैक मौज्दात रु.४,१२,०३,४६०।०, राजश्व बाँडफाड र अनुदान रु.५१,८८,५२,७५४।० समेत रु.५६,००,५६,२१४।० अनुमान गरिएको पाइयो। पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.४३,३७,५७१।० राजस्व बाँडफाँड र अनुदानबाट रु.४६,३६,९८,६९२।० समेत रू ४६,८०,३६,२६३।०आम्दानी भएकोमा चालु तर्फ रु. ३४,१०,०६,५११।०र पूँजिगत तर्फ रु १२,२८,२९,६३८।० र वित्तीय ब्यबस्था तर्फ रु ० समेत रु ४६,३८,३६,१४९।० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.९४ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू १,०४,४९,४५०।०० खर्च भएको छ जुन आन्तरिक आयको २४०.९० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७३.५२ प्रतिशत चालु र २६.४८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ। कूल विनियोजन रकम रु ५६,००,५६,२१४।०० भएकोमा रु. ४६,3८,३६,१४९।० खर्च गरी कूल ८२.७२ प्रतिशत वित्तीय प्रगति गरेको छ । लक्षित बजेट कार्यान्वियन भएको पाइएन बजेटको लक्षित उद्वेश्य विश्लेषण गर्नुपर्दछ ।

२२ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

(रु.हजारमा)

बजेट उपशिर्षक	कुल बजेट रकम	कुल खर्च	त्रैमासिक खर्च (रु.हजारमा)				आषाढ महिनाको खर्च
			प्रथम	दोस्रो	तेस्रो	चौथो	
पुँजीगत (समानीकरण)	७८१३८	५६१११	२५४५	३१९०	१६३२०	३४०५६	२५६९९
संघीय सशर्त	५१७०३	३१६८१	०	०	९७८१	२१९००	१८०३९
प्रदेश सशर्त	४८८००	३५०३६	०	०	८२०	३४२१६	३१३७१
स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	७७७२	७५०१	०	०	०	७५०१	७५०१
एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम	२४९६९	१६६६६	०	०	०	१६६६६	१६६६६
जम्मा रकम	२११३८२	१४६९९५	२५४५	३१९०	२६९२१	११४३३९	९९२७६
खर्चप्रतिशत		१००	१.७३	२.१७	१८.३१	७७.७९	६७.५४

पालिकाले उपलब्ध गराएको विवरणअनुसार रु.२१ करोड १३ लाख ८२ हजार पूँजीगत खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.२५ लाख ४५ हजार (१.७३प्रतिशत), दोस्रो त्रैमासिकमा रु.३१ लाख ९० हजार (२.१७प्रतिशत), तेस्रो त्रैमासिकमा रु.२ करोड ६९ लाख २१ हजार(१८.३१ प्रतिशत) र चौथो त्रैमासिकमा रु.११ करोड ४३ लाख ३९ हजार (७७.७९ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.९ करोड ९२ लाख ७६ हजार(६७.५४प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। साथै कुल २१ करोड १३ लाख ८२ हजार बाडफाँट गरेकोमा रु. 14 करोड ६९ लाख ९५ हजरा वा बजेटको ६९.५३ प्रतिशत वित्तीय प्रगति भएको छ। कुल विकास खर्च मध्ये रु६ अर्व ४३ करोड ८७ लाख खर्च हुन नसक्दा पालिकाको अर्थतन्त्रमा आर्थिक गतिविधि संकुचन हुँदा अपेक्षित रोजगारी र सेवा प्रवाह पूँजी निर्माण र करमा समेत असर परेको छ। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२३ ठेक्का व्यवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका पालिकास्तरीय पूर्वाधार योजना कार्यान्वयन गर्दै आएको छ । पालिकाले यस वर्ष बोलपत्रमार्फत रु.६ करोड ४८ लाख १४ को लागत अनुमान भएको ९ योजना तथा कार्यक्रम रु.३ करोड ९१ लाख ५१ हजारमा सम्झौता गरी रु.२ करोड ५२ लाख १८ हजार भुक्तानी दिएको छ। उक्त योजना लागत अनुमान भन्दा १७.९८ देखि ६८.४८ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो। पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी

अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधिसम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मूल्यमा गुणस्तरीय कार्य हुने भएमा नर्म्ससमेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ। लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण अनुसूचीमा उल्लेख ।

(विस्तृत विवरण बेरूजु दफा २३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२४ औषधि खरिद

पालिकाकालाई आवश्यक पर्ने औषधिपालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी मागका आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति ,म्याद सकिने मिति,ब्याच नं.,उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। यसवर्ष पालिकाले देहायको बजेट उप शिर्षकबाट देहायका फर्मसँग रु.१९,३२,४४१।०० को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद,उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

सि.नं.	भुक्तानी पाउनेको विवरण	खर्च रकम
१	सुमित मेडिको फर्मा	६८२४६६
२	रारा मेडिकल्स एण्ड सर्जिकल सप्लायर्स	१२४९९७५
	जम्मा	१९३२४४१

२५ स्यानिटरी प्याड

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकामा यस वर्ष सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापनको लागि रु.१५ लाख ८४ हजार बजेट संघीय सशर्त अनुदानमा विनियोजन भएकोमा खर्च गरेको छैन। गत वर्षको मौज्दात बाँकी रहेकोले प्याड खरिद नगरेको कार्यालयको भनाई छ। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

२६ न्यानो झोला कार्यक्रम

सार्वजनिक खरीद नियमावली , २०६४ को नियम ११ तोकीयको स्फेसिफिकेसन अनुसार खरीद गरी गुणात्मक परीक्षण गर्नुपर्ने व्यवस्था छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि पालिकाहरुले स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ९ बर्थिङ सेन्टरमा यस वर्ष ४०० थानको रु३,६१,६००।०० खरिद गरेको छ। यस वर्ष २७२ जना मात्र प्रसूति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका१२८ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

२७ खर्चमा मितव्ययिता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४(४) मितव्ययिता कायम गर्नेगरी खर्च गर्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयबाट देहायको खर्च शिर्षकमा बजेट व्यवस्था भएकोमा देहाय बमोजिम गतवर्ष र यो वर्षको खर्च लेखेको छ ।

सि.न.	खर्च शिर्षक	गत वर्ष आर्थिक वर्ष २०८०।८१		यस वर्ष २०८१।८२	
		बजेट	खर्च	बजेट	खर्च
१	इन्धन	१३४००००	१२५५१२७	१६४००००	९८४३५६
२	मर्मत	१००००००	८९५७३१	१६५००००	८८९०१४
३	विविध	६२००००	५६३१२७	१३०५०००	१२६९४८८
४	कार्यालय समान	२९०००००	२८८९४२३	४२०००००	४०१८११४
	जम्मा	५८६००००	५६०३४०८	८७९५०००	७१६०९७२

माथिको तालिका बमोजिम स्थानीय तहको सञ्चालन खर्च गत भन्दा यस वर्ष बढेको देखिन्छ। पालिकाले सञ्चालन खर्च घटाउने योजना सहित खर्चबाट प्राप्त हुने भौतिक उपलब्धीको लक्ष्य तोकेर प्राप्त परिमाणात्मक उपलब्धिसमेत खर्च सार्थकताको विश्लेषण गर्नुपर्दछ।

२८ सामुदायिक वनको अभिलेख

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) १ अनुसार सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्बन्धि आफ्नो वार्षिक कार्य योजना बनाई सम्बन्धित स्थानीय तहबाट स्वीकृति गराउनुपर्ने र उक्त कार्य योजना अनुसार वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गतका कुनैपनि सामुदायिक वनले कार्ययोजना पेश गरी स्विकृत नगरेको पालिकाले जनाएको छ। पालिकाले आफ्नो कार्यक्षेत्र भित्रमा सामुदायिक वनको वार्षिक कार्य योजनाको अभिलेख र सोको कार्यान्यिवन अवस्था सम्बन्धमा अनुगमन मूल्याङ्कन नगरेको, प्राप्त हुनुपर्ने राजश्व यकिन नगरेको र यसको लागि नीतिगत व्यवस्था तथा कार्ययोजना तयार गरी कार्यान्वियन गरेको देखिएन। कानुन वमोजिम आन्तरिक आयको अभिवृद्धि गर्न पालिकाको ध्यान जानुपर्ने देखिन्छ।

२९ सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो मन्त्रालय र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छः

सम्पत्ति	प्राप्त मिति	संख्या	खरिद/ प्राप्ति मूल्य	कैफियत
घर जग्गा क्षेत्रफल र संख्या सहित	-	-	-	पालिकाले विवरण पेश नगरेको ।
सवारी साधन (रु.१ लाखभन्दा बढी)	विभिन्न मिति	२६	१खरिद र २५ अल्या	२५ मो सा २ गाडी २ एम्बुलेन्स
उपकरण (रु.१ लाखभन्दा बढी)	-	-	-	विवरण पेश नगरेको ।
बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन	-	-	-	
अतिक्रमणमा परेको जग्गा	-	-	-	
अतिक्रमण हटाउन गरेको प्रयास	-	-	-	

पालिकाले आफ्नो स्वामित्वमा भएको घर जग्गाको क्षेत्रफल र संख्या, ठूला उपकरण, अतिक्रमणमा परेको जग्गा तथा अतिक्रमण हटाउन गरेको प्रयास लगायतका सम्पत्तिहरुको विवरण अद्यावधिक गरेको तथा लेखापरीक्षणको क्रममा पेश गरेको छैन। पालिकाले सम्पत्तिको उपयोग तथा संरक्षण सम्बन्धमा कार्यालय प्रमुख तथा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ।

३० सेवा प्रवाह

यस आर्थिक वर्षमा पञ्जिकरण शाखा तथा अन्य शाखाबाट उपलब्ध गराएको विवरण अनुसार पञ्जिकरण सेवा उपलब्ध गराएको विवरण प्राप्तभएको छ ।

सि.नं.	विवरण	यस वर्षको	गत वर्षको
१	पञ्जिकरणतर्फ		
	जन्मदर्ता	६२७	६८९
	मृत्युदर्ता	१३७	२२३
	बसाईसराईदर्ता	३८५	१५०
	विवाहदर्ता	२११	२६५
	सम्बन्धविच्छेददर्ता	२५	१५
२	नागरिकता सिफारिस	८४९	७८२
३	घरबाटो सिफारिस	११०	७०

पालिकाले सूचना प्रविधिको उच्चत्तम प्रयोग गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

३१ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा तोकिएको समय भित्र पेश्की फर्स्योट गर्नु पर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिम रु.२,३०,०००।० पेश्की दिएकोमा वर्षान्तसम्म फर्स्योट भएको देखिएन । कानुनमा व्यवस्था भए बमोजिम पेश्की फर्स्योट गर्नुपर्ने रु.

भौचर नं.	पेश्की लिनेको नाम	विवरण	यस आव	विगत आव
७९-२०८१।७।२५	सहायक चौथो श्री टंक प्रसाद शर्मा	खेलुकद कार्यक्र म	२०००००	०
५३-२०८२।८।२०	रोजगार संयोजक सन्दिप विक	रोजगार संवाद मञ्च संचालन	३००००	०
		जम्मा	२३००००	

(✂ ….. कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **२४७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	२,३०,०००

३२ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत प्राप्त हुने राजस्वको प्रक्षेपण लेखापरीक्षणमा पेश गरेको छैन। आर्थिक वर्ष २०८०।८१ मा रु.४३,३७,५७१।० आय प्राप्त गरेको छ । आम्दानीका स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

३३ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका

तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आयको प्रतिशत
४६३६९८६९२	**४३३७५७१।०**	**०.९४ प्रतिशत**

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.९४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३४ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.४४,०५०।० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छन्। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

३५ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	असुली
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	२००८५५५।९९
घरजग्गा वहाल कर	२४२००६
व्यवसाय कर	४४०५०
वहाल विरौटी शुल्क	१५५००

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

३६ **राजस्व आम्दानीको लेखा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ मा राजस्व आम्दानी गर्ने प्रत्येक सार्वजनिक निकायले करदातावाट बैंकमा जम्मा हुन आएको बैंक भौचर र नगद प्राप्त भएको आम्दानी रकमको विवरण छुट्टा छट्टै खातामा प्रविष्टी गरी महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा लेखा राख्नु पर्ने उल्लेख छ । त्यस्तै नियमावलीको नियम ५९ मा कार्यालयले नियम ५८ बमोजिम राजस्वको आम्दानी जनाउदा जुनसूकै माध्यमवाट प्राप्त भएतापनी त्यस्तो राजस्व आम्दानी र दाखिला गरी गोश्वरा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार राजस्व लेखा अद्यावधिक गर्नुपर्ने उल्लेख छ । पालिकाले वडा कार्यालय र पालिकावाट नगद र वैंक मार्फत राजस्व प्राप्त गर्ने गरेकोमा ऐन नियममा भएको व्यवस्था बमोजिम सेवाग्राहिले बैक दाखिला गरेको रकमको बैंक भौचर र सेवाग्राहिबाट नगद प्राप्त गरेको रकम बैंक दाखिला गरेको बैंक भौचर गोश्वरा भौचरसाथ संलग्न गरी राख्नु पर्नेमा गोश्वरा भौचर तयारी गरी गोश्वरा भौचर साथ सवै दाखिला भौचर संलग्न गरी राखेको देखिएन। जसबाट पालिकाले प्राप्त गरेको सम्पुर्ण राजस्व रकम दाखिला भए नभएको, प्राप्त हुनुपर्ने राजस्व प्राप्त भए नभएको र पालिकाले आम्दानी देखाएको राजस्व रकम के वापत कसले बुझाएको हो भनेर

एकिन गर्न सकिने अवस्था देखिएन। अत पालिकाले जुनसूकै माध्यमवाट प्राप्त भएको राजस्व आम्दानी र दाखिलाको गोश्वरा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार राजस्वको लेखा अद्यावधिक गर्नुपर्दछ।

३७ राजस्व असुली

पालिकाको आर्थिक ऐन, २०८१ मा सवारी साधन कर, व्यवसायकर, मनोरन्जन कर, विज्ञापन कर, पार्किङ शुल्क, प्राकृतिक स्रोत शुल्क प्रदुषण नियन्त्रण तथा फोहोरमैला व्यवस्थापन शुल्क लगायतका कर तथा शुल्क असुल गरिने उल्लेख भएकोमा कुनै शिर्षकमा कर तथा शुल्क असुल भएको देखिएन भने कुनै शिर्षकमा न्यून मात्र असुल भएको देखियो। पालिकाले आर्थिक ऐनमा उल्लेख भए बमोजिमका कर तथा शुल्क असुल गरी आन्तरिक राजस्व बृद्धी गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३८ फरक शिर्षकमा खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै पालिकाले बिनियोजन ऐन, २०८१ मा क्षेत्रगत रुपमा बजेट बिनियोजन गरी सन्तुलित रुपले खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका कारोबार गर्दा रु.३५९०८०३।० फरक शिर्षकबाट भुक्तानी गरेको छ । यसरी बजेट तथा कानूनमा व्यवस्था भए बिपरित खर्च गर्ने पदाधिकारीलाई जिम्मेबार बनाई नियमित गर्नुपर्ने रु.

गो.भौ.नं.	खर्च भएको शीर्षक	खर्च रकम	भुक्तानी भएको शीर्षक
८६६-२०८२।०३।२५	सेवा र परामर्श खरिद	७१३९९०	मसलन्द तथा कार्यालय सामग्री खरिद भएको ।
८८८-२०८२।०३।२५	सेवा र परामर्श खरिद	४७९३४६	मसलन्द तथा कार्यालय सामग्री खरिद भएको ।
८९१-२०८२।०३।२५	परामर्श सेवा खरिद डिपिआर तयारी तथा अन्य सेवा	३९६०००	कुटानी पिसानी मेसिन खरिद
८९०-२०८२।०३।२५	पारिश्रामिक कर्मचारी स्थायी गाउँपालिका तर्फ	८०००००	विज्ञापन तथा सूचना प्रकाशन खर्च भुक्तानी
८९७-२०८२।०३।२५	स्वास्थ्य सेवा करार कर्मचारी तलब भत्ता र औषधि खरिद	५३८६५९	फर्निचर खरिद तथा मर्मत
२५८-२०८२।३।२४	वडा नं. ८ को सडक मर्मत	२००९०१	द्वारी छिहिरा भित्रिखोला गोपेनी सडक निर्माण
२६२- २०८२।३।२५ पालिका पूँजीगत	कुटानी पिसानी मिल खरिद तथा वितरण	२४१५०७	विपन्न नागरिक जस्तापाता खरिद
२६७- २०८२।३।२५ पालिकाल पूँजीगत	फर्निचर एण्ड फिक्चर्स	२२०४००	कम्प्युटर तथा प्रिन्टर लगायतका विद्युतीय सामाग्री खरिद
जम्मा		३५९०८०३	

अनियमित भएको	३५,९०,८०३

३९ खेलकुद कार्यक्रम

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। पालिकाले बिभिन्न समयमा पालिका भित्र तथा बाहिर खेलकुद कार्यक्रम सञ्चालन गरे बापत खेलकुद विकास समितिलाई रु.८७२२९१।० भुक्तानी दिएको छ। खर्च गर्ने मापदण्ड तथा कार्यविधि समेत तर्जुमा गरेको छैन। पालिकाले खेलकुद क्षेत्रको मापदण्ड तयार गरी प्रतिफल देखिने दिगो पूर्वाधार निर्माण गर्न खर्च गरिनु पर्दछ।

४० दोहोरो सुविधा

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ बमोजिम जनप्रतिनिधिको बैठक भत्ता र दैनिक भ्रमण भत्ता सम्बन्धी व्यवस्था गरेको छ। नमुना परीक्षकणका क्रममा पालिकाले देहायबमोजिम जनप्रतिनिधहरुलाई दोहोरो भ्रमण खर्च र बैठक भत्ता भुक्तानी भएकोमा बैठक भत्ता असुल गर्नुपर्ने रु.

नाम	**पद**	**दोहोरो भुक्तानी मिति**	**भुक्तानी रकम**
खगिसरा बिक	वडा सदस्य, वडा नं.६	असार ६ र ९	३०००
		जम्मा	३०००

असुल गर्नुपर्ने	३,०००

४१ **व्यवसायीक फर्मको नाममा भुक्तानी नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४०(४) मा सबै प्रकारको भुक्तानी सम्बन्धित व्यक्ति वा संस्थाको बैक खातामा जम्मा हुनेगरी गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्न भौचरबाट विल भर्पाइसँग सम्वन्धित भुक्तानी आपूर्तिकर्तालाई भुक्तानी दिनु पर्नेमा व्यक्तिको खातामा रु.२,७२,८७५।० भुक्तानी गरेको छ। कानुनमा व्यवस्था भए बमोजिम सम्बन्धितको खातामा भुक्तानी दिई यसमा सुधार गर्नुपर्दछ । पालिकाले निम्मानुसारका भुक्तानीमा फर्मको नाममा भुक्तानी नगरी व्यक्तीको नाममा भुक्तानी गरेको छ।

भौ.नं.	विवरण	रकम	भुक्तानी भएको	भुक्तानी हुनुपर्ने फर्मको नाम
१९९-२०८१।११।०६	वडा नं.८ पशु औषधि खरिद	९६८५०	टेक बहादुर कुँवर- वडा सचिव	क्वालिटि भेट सेन्टर
२४९-२०८१।१२।२१	रेबिज रोग कार्यक्रम	७७०००	सुमन कोइराला- नायव पशु सेवा प्राविधिक	अनुपम भेट सेन्टर
६१६-२०८२।०३।१७	जेष्ठ नागरिक सम्मान कार्यक्रम	९९०२५	रमेश गौतम- वडा सचिव, ७	सूर्य बिक्रम भाडा पसल एण्ड अर्डर सप्लायर्स
जम्मा		२७२८७५		

४२ **कार्यालय समयको बैठक भत्ता भुक्तानी**

नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी भएको कार्यसञ्चालन निर्देशिका, २०८१ मा बैठक कार्यालय समय भन्दा अघि वा पछि विज्ञको सहभागितामा सम्पन्न भएको हुनुपर्ने व्यवस्था छ । पालिकाले बिभिन्न समयमा भएका खरिद सम्बन्धी बैठकको लागि सब-इन्जिनियर 2 यादवको नाममा भरपाई समेत संलग्न नगरी एकमुष्ठ बैठक भत्ता बापत रु.१,२१,१२५।० भुक्तानी दिएको छ । यसरी मापदण्ड विपरितको भुक्तानी भएको भत्ता रकम अशुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१,२१,१२५

४३ **बढी भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१६,८७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१३,४१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **७५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **३५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **३५,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **३२,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **३५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **४७,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४४ **फरक संस्थालाई भुक्तानी** (४८-2081-07-11):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **१०४,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४५ **फरक शिर्षकवाट खर्च** (४३९-2082-03-25):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ मा स्वीकृत वजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकबाट मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। साथै संघीय सशर्त तर्पको रकम खर्च गर्दातोकिए बमोजिममात्र खर्च गर्नुपर्दछ । पालिकाले गाउँपालिकाको चालुतर्फ खर्च गर्दा संघिय ससर्त शिक्षक तलव भत्ता शीर्षकबाट रु. ४७३३१८।० भुक्तानी दिएको छ। यसरी संघीय सशर्तको रकमबाट मसलन्दखर्चको भुक्तानी दिएको रकम पालिकाले संघीय सञ्चित कोष फिर्ता गर्नुपर्ने रु.

गो.भौ.नं/मिति	भुक्तानी भएको विवरण	विवरण	भुक्तानी भएको शिर्षक	भुक्तानी रकम
४३९- २०८२।३।२५	एस.पी.अर्डर सप्लायर्स	गाउँपालिकाको लागि मसलन्द सामाग्री खरिद	संघिय ससर्त शिक्षक तलव भत्ता	४७३३१८

प्रमाण पेश नगरेको	४,७३,३१८

४६ **उत्पादित सामान**

गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ को दफा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता सामानहरु प्रशिक्षण अवधिभित्रै परल मूल्यको ५० प्रतिशत छुटमा सहभागीलाई विक्री गरी शाखाले तोकेको राजश्व खातामा रकम जम्मा गर्नु पर्ने विक्री नभएमा प्रदर्शनी वा विक्री कक्षमा पठाउने र त्यसरी पनि विक्री नभएमा ७ दिन भित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले लद्यु उद्यम सम्बन्धी कार्यक्रम अन्तर्गत ढाका कपडा सिलाई वुनाई सम्बन्धी तालिम सञ्चालनमा रु.३७,४९९।- को कच्चा पदार्थमा खर्च गरी गरेकोमा उत्पादन भएको सामानको रेकर्ड राखेको देखिएन। पालिकाले निर्देशिका बमोजिम यस्ता सामान विक्री गरी राजश्व संकलन गर्नुपर्ने अन्यथा स्टोर दाखिला गरी सामानको अवस्थाको यथार्थ विवरण तयार गरी लगत राख्नुपर्दछ। पालिकाले उक्त प्रक्रिया नगरी सहभागीलाई वितरण गरेकोले निर्देशिकाको पालना भएको छैन। निर्देशिकामा व्यवस्था भए बमोजिम पालना हुनुपर्दछ।

४७ **छुट ग्रेड** (368-2082-03-25):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्ने वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। गो.भौ.नं ३६८-२०८२।०३।२५ मा स्वास्थ्यककर्मी टिका थापालाई अघिल्लो

आर्थिक वर्षको छुट्ट ग्रेड भनी कार्यालयले रु.३७,४७७।० भुक्तानी गरेकको छ। कार्यालयले विगत २ आर्थिक वर्ष देखी तलवी प्रतिवेदन पारित नगरेकाले सो छुट ग्रेड प्रमाणीत गर्ने आवश्यक कागतजात नभएकाले प्रमाण पेश गर्ने रु.

प्रमाण पेश नगरेको	३७,४७७

४८ **कार्यस्थल सुरक्षा सामाग्री** (४३६-2082-03-25):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले प्रधानमन्त्री रोजगारीका लागि आवश्यक पर्ने कार्यस्थल सुरक्षा सामाग्री खरिद गरी रु.२,९६,७९८।० भुक्तानी गरेको छ। खरिद गरिएको सुरक्षा सामाग्रीको प्रयोग गरेको विवरण पेश गरेको छैन। पालिकाले उक्त सामाग्रीको जिन्सीबाट समेत खर्च लेखेको र प्रयोग सुनिश्चित नभएकोले सामाग्री प्रयोगको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२,९६,७९८

४९ **प्रविधि हस्तान्तरण कार्यक्रम**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **२,४३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५० **प्रशिक्षक भत्ता**

नेपाल सरकार अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद ७.१.१५ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका प्रशिक्षक वा सहजकर्ताको पारिश्रमिक गांउपालिकास्तरीय सहायकस्तर तालिममा कार्यपत्रबापत रु. ८०० र कक्षा सञ्चालनबापत रु. ७०० खर्च लेख्न सकिने र सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोतव्यक्ति वा प्रशिक्षक भएमा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने व्यवस्था छ। तर नमुना परीक्षणका रुप पालिकाको श्रेस्ता परीक्षण गर्दा पालिकाले देहाय बमोजिम तालिम/कार्यक्रममा बढी खर्च लेखेको पाइयो ।तसर्थ खर्चको मापदण्डभन्दा बढी खर्च गरेको रकम रु.२,८५०.0 सम्बन्धितबाट असुल हुनुपर्ने रु.

गो.भौ.नं	भुक्तानी लिनेको नाम	सेसन	भुक्तानी भएको रकम	भुक्तानी हुनुपर्ने रकम	वढि भुक्तानी (कर कट्टि पछिको)	कैफियत
१५२/२०८१-१२-१२	दिपक कुमार वि.सी.	६	९०००	४८००	२८५०	शैक्षिक सुसासनका लागी मुल्याङकन कार्यक्रम

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **२,८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१,९००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **८,१६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	२,८५०

५१ **शिक्षक विद्यार्थी अनुपात**

शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ७७ को उपनियम (१) बमोजिम विद्यार्थी शिक्षक अनुपात पहाडी भेगमा १:४५ रहने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा विद्यालयहरुको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ। उपरोक्त विवरण अनुसार पालिकामा शिक्षक विद्यार्थी अनुपात अधिकतम १:४३ देखि न्युनतम १:८ सम्म रहेको देखिन्छ। IEMIS विवरण अनुसार पालिकाको ४९ वटा विद्यालयको औषत शिक्षक विद्यार्थी अनुपात १:३७ रहेको छ। पालिकाले विद्यार्थी विवरणको सत्यापन गरी आवश्यकता, भुगोल र औचित्य समेतलाई विचार गरी प्रचलित कानून बमोजिम विद्यालय समायोजन एंव शिक्षक दरबन्दी मिलान तर्फ ध्यान दिनुपर्दछ।

क्र.स.	विद्यालयको नाम	दरवन्दी संख्या	पदपुर्ती			जम्मा विद्यार्थी संख्या	कुल जम्मा शिक्षक	शिक्षक विद्यार्थी अनुपात
			स्थायी	अस्थायी	राहात			
१	विभिन्न ४९ विद्यालयहरु	१५३	९२	१३	४७	५५३७	१५२	१:३७

५२ **दिवा खाजा**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित आर्थिक बर्ष २०८०।८१ को कार्यक्रम कार्यान्वियन पुस्तिकाको २.८.७ मा दैलेख जिल्लाका स्थानीय तहले प्रतिविद्यार्थी दैनिक रु.१५।-का दरले दिवा खाजाको रकम विद्यालयलाई निकासा गर्नुपर्ने व्यवस्था छ।साथै स्थानीय तहले विद्यालय भौतिक रुपमा पुरा समय चलेको दिन (परीक्षामा सामेल भएको दिन समेत) खाजा उपलब्ध गराईएका विद्यालयको प्रधानध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट विद्यार्थीको हाजिरी विवरण प्रमाणित गराई IEMIS को विद्यार्थी संख्या, परीक्षामा सामेल, नतिजा संख्या समेतका आधारमा सत्यापन गराई स्थानीय तहमा सङ्कलन गरी सङख्या यकिन भएपश्चात मात्र थप अनुदान दिने व्यवस्था छ। पालिकाले दिवा खाजा व्यवस्थापनको लागि ५३ वटा वाल विकास सहित विद्यालयलाई रु.६६,५८,३२५।० निकासा दिएकोमा वास्तविक विद्यार्थीको संख्या यकिन गरेको फोटो सहितको अनुगमन प्रतिबेदन पेश छैन।

५३ **निशुल्क पाठ्युस्तक**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१७,२६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **४,२१५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१५,६७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५४ **जियो कृषि कार्यक्रम** (१८७-2082-03-20):

पालिकाले जिओ कृषि कार्यक्रमबाट डिजिटल एग्री इन्डुस्ट्री सर्भिस नामक कार्यक्रम सञ्चालन गरी पालिकाले पाथवे टेक्नोलोजिज एण्ड सर्भिसेस् प्रा.लि.लाई रु.५०,०००।० भुक्तानी गरेको गरेको छ। उक्त कार्यक्रम ४१ कृषकहरुलाई जियो कृषि फार्म

एप्सको प्रशिक्षण, विज्ञ हरुसँगको सम्पर्क, मौसम, रोग किरा, तथा कृषि सम्बन्धित जानकारीमूलक सूचना प्राप्त, टेलिफोन तथा एसएमएस अलर्ट सेवा लगायतका कृषि सेवा परामर्श कार्यका लागि २०८१।५।२० देखि २०८२।३।३० सम्म पालिकाले सम्झौता गरेको पाइयो । पालिकाले उक्त कार्यक्रम पाइलट परियोजनाको रुपमा संचालन गरेको र प्रभावकारीता परीक्षण पछि कार्यक्रमलाई विस्तार गर्ने उल्लेख छ। पालिकाले कृषकहरुको सूचना प्रविधिसँगको पहुँच तथा सूचना प्रविधिको साधनको उपलब्धता साथै कार्यक्रमबाट भएको उपलब्धिको मूल्यांकन गरेको छैन । कार्यक्रमको विश्लेषण, उपलब्धिको मूल्यांकन गर्नुपर्दछ।

५५ कृषि फर्म सञ्चालन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(द) अनुसार कृषि तथा पशुपालन, कृषि उत्पादन तथा व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड योजना अनुगमन तथा नियमन, कृषकहरुको क्षमता विकास, प्रवर्द्धन लगायतका कार्यहरु स्थानीय तहले सञ्चालन गर्नुपर्ने व्यवस्था छ। पालिकाले कृषि फर्म संचालन गरी कर्मचारीको तलव तथा ज्याला बाहेक यस वर्ष रु.३,४६,६००।० खर्च गरेको छ। उत्पादित कृषि बस्तुको विक्रीबाट पालिकाले रु.८१,७९०।० आम्दानी गरेको छ। कृषि फर्म सञ्चालनको लागि पालिकाले २ व्यक्तिसँग रु. ९६,६००।० वार्षिक भुक्तानी गर्ने गरी ५ वर्षको लागि जग्गा भाडामा सम्झौता गरेको छ। पालिकाले कृषकहरुको लागि कृषि कार्यक्रममा सहजीकरण गरिदिनुपर्नेमा आफै संचालन गरेको उपयुक्त देखिएन। लेखापरीक्षण अवधिमा उक्त फर्म सञ्चालनमा नरहेको जनाएको छ। पालिकाले थप व्ययभार हुन नदिन सम्झौता रद्द गरी कृषकहरुलाई सहजीकरण तथा प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनुपर्दछ।

५६ सोझै खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमितहुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ। त्यसैगरीनियमावली, २०६४ को नियम ८५(४) अनुसार रु.१ लाख रुपैंया भन्दा बढी रकमकोसोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तिमा ३ वटा आपूर्तिकर्ताबाट लिखितरुपमा दरभाउपत्र माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्षनिर्माण कार्य, फर्निचर, ल्यापट, कम्प्युटर तथा विद्युतीय सामग्रीमा खर्च गरेको छ। उस्तैप्रकृतिको विभिन्न खरिद कार्यलाई प्याकेजीङ्ग गरी बोलपत्रको माध्यमबाटगराउन सकिने अवस्थामा लागत अनुमान तयार नगरी सोझै खरिद गरेको केही उदाहरण निम्नानुसार रहेको छ। एउटै प्रकृतिको कार्यहरु खरिदको कामलाई उपयुक्तप्याकेज बनाई खुला बोलपत्र आव्हान गरी मितव्ययी तरिकाले खरिद गर्नुपर्दछ।

भौचर नं.	विवरण	आपूर्तिकर्ता तथा निर्माण व्यवसायी	भुक्तानी रकम
५०-२०८२।३।२५	नौमुले चौराठा लोहोरे खोला सडक	बडावन कन्स्ट्रक्सन एण्ड सप्लायर्स	९११६३८
५२-२०८२।३।२५	झिल्के चौराठा पैति सल्लेरी सडक स्तरोन्नती (Plum & Masonry wall)	जि आर एन कन्स्ट्रक्सन	६२९२७५
२६७-२०८२।३।२५	कम्प्यूटर प्रिन्टर तथा सोलार लगायतका सामाग्री खरिद	प्रसिद्धि कर्णाली सप्लायर्स	८९९४८०
२७१-२०८२।३।२५	ल्यापटप खरिद (स्वास्थ्य संस्थाको लागि)	एच.एम. ग्रुप अफ कम्पनी प्रा.लि.	९६७२८०
२७३-२०८२।३।२५	शैक्षिक संस्थाको लागि ल्यापटप खरिद	श्री एल एस O2 सप्लायर्स	२४८६००
२७५-२०८२।३।२५	स्वास्थ्य संस्थालाई फर्निचर खरिद	डिम्स इन्टरनेशनल	५३७५८६
२७७-२०८२।३।२५	मसलन्द सामाग्री खरिद	टिडी डेकोर हाउस	५७८८४२
११६-२०८२।२।२४	सभाहल पार्टेशन	गौरव निर्माण सेवा	६७१८२५
१७९-२०८२।३।१८	डाठोखवला खानेपानी योजनाको सामाग्री खरिद	सूर्यविक्रम भाडा पसल एण्ड अर्डर सप्लायर्स	१९६०१८
२२१-२०८२।३।२४	प्राथमिक स्वास्थ्य केन्द्र सभा हल मर्मत	रोयल मालिका बिल्डर्स	९५९९९६
२६२-२०८२।३।२५	जस्तापाता खरिद वडा नं. ५ विपन्न परिवार कार्यक्रम	सूर्यविक्रम भाडा पसल एण्ड अर्डर सप्लायर्स	५४१५०७
२६४-२०८२।३।२५	जस्तापाता खरिद वडा नं. ८ को लागि	सूर्यविक्रम भाडा पसल एण्ड अर्डर सप्लायर्स	५७९९७०

५७ **लोहोरे खोला करिडोर निर्माण**

५७.१ पालिकाले लोहोरे खोला करिडोर निर्माणको लागि रु.८५,९४,६२३।० मा जेएवि कन्स्ट्रक्सनलाई २०८१।२।२२ मा २०८१।३।२५ मा कार्य सम्पन्न गराउने गरी सम्झौता भएको देखिन्छ । हालसम्म निर्माण व्यवसायीले रु.६४,३५,८६६।० भुक्तानी दिएको छ। गत वर्ष २०८१।९।२९ सम्मको लागि म्याद थप गरेको भएता पनि यस वर्ष म्याद थपको प्रकृयामा भएको देखिएन। निर्माण व्यवसायीले पेश गरेको रु.२३,४२,०००।० कार्य सम्पादन जमानतको म्याद ९ अगस्त, २०२५ मा समाप्त भएको छ । म्याद थपको समेत नभएको तथा कार्य सम्पादन जमानतको म्याद समेत समाप्त भएकोले उक्त पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२३,४२,०००

५७.२ (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१०** को निर्णयले रू **८५,१९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५८ **पिएस आइटमा मोटरसाइकल खरिद**

सार्वजनिक लेखा समितिको २०७९।१।८ को निर्णय बमोजिम पिएस आइटममा इन्जिनियरिङ सुविधा र सवारी साधन खरिद गर्न नपाईने उल्लेख छ। पालिकाले **लोहोरे** खोला करिडोर सडक निर्माण (NCB 4-2081/82) कार्यको पिएस आइटममा मोटर साईकल खरिद गरी निर्माण व्यवसायीलाई रु.४,००,०००।० भुक्तानी गरेको छ। निर्माण व्यवसायीले Pulsar N160 लु ९८ प ३४१६ नम्बरको मोटरसाईकल खरिद भएको कर विजक पेश गरेको भएता पनि पालिकाको जिन्सी खातामा दाखिला समेत नभएको तथा सरकारी नम्बरमा समेत परिवर्तन गरेको देखिएन। लागत अनुमान तयार गर्दा योजना लागत बढाउने आइटम

BOQ मा समावेश गरी योजनाको लागत बढाउने प्राविधिकलाईजिम्मेवार बनाउनु पर्दछ। योजनाको लागत वृद्धि हुने तथा दाखिला र पालिकाको नाममा दर्ता समेत भएको नदेखिएकोले उक्त खर्च अनियमित देखिएको रु.

अनियमित भएको	४,००,०००

५९ नौफेरी ठूलो चम्लाय निरगा हुँदै भावसैनी सडक निर्माण

५९.१ निर्माण स्थल- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६ को उपनियम ३ मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई, निर्माण स्थलबाट हटाउनु पर्ने रुख विरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई बोलपत्र आब्हान गर्न नहुने व्यवस्था छ । निर्माण व्यवसायी पालिकाले नौफेरी ठूलो चम्लाय निरगा हुँदै भावसैनी सडक निर्माण कार्य निर्माण व्यवसायी एन एस विल्डर्ससँग रु.२९,०३,३९२।० मा २०७८।९।२० गते २०७९ असार मसान्त भित्रमा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा जग्गा विवादको कारण सडक निर्माण कार्यको Alignment परिवर्तन गर्नुपर्ने भएकोले भेरिएशन आदेश जारी गरी यस वर्षमात्र कार्य सम्पन्न गरेको छ। कार्यालयले निर्माण स्थलको सुनिश्चित भएपश्चातमात्र ठेक्का व्यवस्थापन गरिनुपर्दछ।

५९.२ **भेरिएसन-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ र नियमावलीको नियम ११८ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएशन गर्न सक्ने व्यवस्था छ । पालिकाले नौफेरी ठूलो चम्लाय निरगा हुँदै भावसैनी सडक निर्माण कार्य (NCB 1-2078/79) अन्तर्गत Alignment परिवर्तन गर्नुपरेकोले soft soil र Hard Soil को परिमाण वढाउनु परेको तथा Medium Rock र Hard Rock को परिमाण घटाउनु परेको जनाई पालिकाबाट २०८१।१०।१४ मा सुरु सम्झौता रकम भन्दा २.८२ प्रतिशत घटाई भेरिएसन स्वीकृत गरेको देखिन्छ । ठेक्का सम्झौता गर्दा लागत अनुमानको तुलनमा सम्झौता रकम ७२.४३ प्रतिशतले घटी रहेकोमा कार्यालयले भेरिएसन स्वीकृत गर्दा संशोधित लागत अनुमानको तुलनामा भेरिएसन पछिको सम्झौता रकम ६४.०९ प्रतिशत मात्र घटी रहेको छ । साथै भेरिएसन गर्दा संशोधित लागत अनुमान सुरु लागत अनुमानको तुलनामा २५.४२ प्रतिशत घटेकोमा संशोधित सम्झौता रकम भने सुरु सम्झौता रकमको २.८२ प्रतिशतले मात्र घटेकोले सुरु संझौता रकमको तुलनामा रु६,५५,७०२।० थप व्ययभार परेको छ।पालिकाले लागत अनुमान तयार गर्दा पुर्वानुमान गर्न नसकिने कार्यमा मात्र भेरिएसन गर्नुपर्नेमा पुर्वानुमान गर्न सकिने विभिन्न कामको परिमाणमा थप घट भएको जनाइ भेरिएसन स्वीकृत गरेको देखिएकोले लागत अनुमान तयार गर्दा पर्याप्त ध्यान दिएको भन्न सक्ने अवस्था देखिएन । अत: कार्यालयले लागत अनुमान तयार गर्दा पुर्वानुमान गर्न नसकिएको कामको वाहेक अन्य कार्यको लागि भेरिएसन गर्नु नपर्ने गरी लागत अनुमान तयार गर्नुपर्ने र भेरिएसन गर्दा सुरु लागत अनुमानको तुलनमा सम्झौता रकमको अनुपात नघट्ने गरी भेरिएसन स्वीकृत गर्नेतर्फ ध्यान दिनुपर्दछ । साथै पालिकाले सम्झौता रकम सुरु संझौता रकमको तुलनामा रु.६,५५,७०२।० व्ययभार पारेको अनियमित देखिएको रु.

विवरण	रकम	कैफियत
सुरु लागत अनुमान	१०५३३८१९	सम्झौता रकम लागत अनुमानको तुलनमा ७२.४३ प्रतिशत घटी रहेको ।
सुरु सम्झौता रकम	२९०३३९०	
संशोधित लागत अनुमान	७८५५३५९	भेरिएसन पछिको सम्झौता रकम लागत अनुमानको तुलनामा ६४.०९ प्रतिशत घटी रहेको ।
संशोधित सम्झौता रकम	२८२१४२४	

अनियमित भएको	६,५५,७०२

५९.३ **रेट नेगोसिएसन-**सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ र नियमावलीको नियम ११८ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएशन गर्न सक्ने व्यवस्था छ ।त्यस्तै खरिद सम्झौतामा If the final quantity of the work done differs from the quantity in the Bill of Quantities for the particular item by more than 25 percent, provided the change exceeds 2 percent of the Initial Contract Price, the Project Manager shall adjust the rate to allow for the change. उल्ले छ । जस अनुसार सुरु सम्झौता भन्दा २५ प्रतिशत परिमाण र सम्झौता रकमको २ प्रतिशत रकम बृद्धि हुने आईटमको भेरिएसन गर्दा रेट नेगोसिएसन गर्न सकिने व्यवस्था छ । पालिकाले ठेक्काको सुरु संझौता भन्दा २.८२ प्रतिशत घटीमा सम्झौता भएको अवस्थामा आईटमको रेट नेगोसिएसन नगरी सम्झौतामा भएको दर(विओक्यू) को दरको आधारमा सम्झौता भएको छ। पालकाले रेट नेगोसिएसन गरी सुरु सम्झौतामा घटेको अनुपात भन्दा कम नुहुने गरी भेरिएसन गर्नुपर्दछ ।

६० उपभोक्ता समितिलाई वढी भुक्तानी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन विल भरपाई तथा खर्च प्रमाणित गर्ने कागजात पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायको योजनाहरुमा पेश भएको विल तथा नापी किताव अनुसार रु.७,७१,३२८।० भएकोमा पालिकाले रु. ८,०२,१८१।० भुक्तानी दिएको छ। वास्तविक विल भन्दा रु. ३०,८५६।० बढी भुक्तानी भएको रकम विद्यालय तथा उपभोक्ता समितिबाट असुल उपर गर्नुपर्ने रु.

भौचर नं.	योजनाको नाम	भुक्तानी लिनेको नाम	विल अनुसारको रकम	भुक्तानी रकम	बढी भुक्तानी रकम
११६-२०८२।२।१४	राका विद्यालय घेराबार योजनाको	राका विद्यालय घेराबार उपभोक्ता समिति	४६८३०३	४८७०३५	१८७३५
१२१-२०८२।२।२८	जरिखाना फुटव्रिज योजना (अध्यक्ष अम्बरे बलामी)	जरिखाना फुटव्रिज उपभोक्ता समिति	३०३०२५	३१५१४६	१२१२१
	जम्मा		७७१३२८	८०२१८१	३०८५६

असुल गर्नुपर्ने	३०,८५६

६१ नौमुले द्वारी छिहिरा भित्रिखोला गोपनी सडक

६१.१ नौमुले द्वारी छिहिरा भित्रिखोला गोपनी सडक निर्माण कार्य(NCB 3-2078/79)को लागि पालिकाले निर्माण व्यवसायी एन एस विल्डर्ससँग मिति २०७९।३।३० मा कार्य सम्पन्न गर्ने गरी रु.३०४७८६४ मा २०७८।९।२० मा संझौता गरेको देखिन्छ। पालिकाले तोकिएको समयमा कार्य सम्पन्न नगरी मिति पछिल्लो पटक २०८१।१०।१४ को निर्णयानुसार २०८१।१०। ३० सम्म म्याद थप गरेको देखिएको छ। तर निर्माण व्यवसायीले उक्त थपिएको म्याद सम्म समेत कार्य सम्पन्न गरेको छैन। हालसम्म रु.१२,६२,७१२।० को मात्र कार्य तथा प्रगति गरेको देखिन्छ। निर्माण व्यवसायीले बाँकी कार्य सम्पन्न गर्नको लागि म्याद थपको लागि प्रकृया बढाएको छैन । निर्माणकार्यमा निर्माण व्यवसायीको रु.३५,१२,५००।० को नविल बैंक सुर्खेतको १४ अप्रिल २०२७ सम्म म्याद भएको कार्यसम्पादन जमानत पेश रहेकोले उक्त जमानत जफत गरी निर्माण व्यवसायीसँग भएको सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न गरिनुपर्दछ।

६१.२ **बढी भुक्तानी —** नौमुले द्वारी छिहिरा भित्रिखोला गोपनी सडक निर्माण कार्य निर्माण व्यवसायी एन एस विल्डर्सले पेश गरेको विल विजक अनुसार रु.१२,६२,७१२।० को कार्य भएकोमा पालिकाले भौचर नं.८५-२०७९।३।७ मा रु.११,८१,१५५।० र भौचर नं.५०-२०८१।१२।१३ बाट रु.१३७,४२८।० समेत रु.१३,१८,५८३।० भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.५५,८७१।० असुल गरी दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	५५,८७१

६२ अस्पताल निर्माण

६२.१ अस्पताल निर्माण (ठेक्का नं. NCB/NRM/06/NPHBCW/077-78)१५ - पालिका पन्ध्र शैयाको अस्पताल निर्माण कार्यको लागि धुलिखेल निर्माण सेवा प्रा.लि.सँग रु.११,४४,९२,७९३।- मा २०८०।६।१० भित्र कार्य सम्पन्न गर्ने गरी २०७८।६।११ गते सम्झौता भएकोमा उक्त समय भित्र तोकिएको कार्य सम्पन्न हुन नसकेको भनि २०८२।६।१० सम्म तेस्रोपटक म्याद थप भई यस बर्षसम्म मूल्य समायोजन रु.४३,७४,२५७।० र पाँचौ रनिङ विल वातप रु.१३४,८५,३५०।० जम्मा रु.१,७८,५९,६०७।० समेत हाल पाँचौ रनिङ विलसम्म मूल्य समायोजन रु.१,१९,९६,९८९।० समेत रु.८,२६,८४,७१७।० भुक्तानी भएको छ। यस सम्बन्धमा देखिएको व्यहोरा देहायबमोजिम रहेका छन्:

· **म्याद थप** :सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० माऐनको दफा ५६ बमोजिम सम्झौताको अवधि भित्र तोकिएको कार्य पुरा गर्न नसक्नेभएमा सम्वन्धित निर्माण व्यवसायीले निर्धारित अवधिको कार्यसम्पादन जमानत, विमा र पेस्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाणकागजात संलग्न गरी म्याद थपको लागि निवेदन दिनुपर्ने

व्यवस्था छ। मिति २०७८।६।११ मा सम्झौता भएको निर्माण कार्यको सूरु सम्पन्न गर्नुपर्ने म्याद२०८०।६।१० भएकोमा उक्त अबधि भित्र कार्य सम्पन्न हुन नसकि पालिकाबाट तेस्रो पटक मिति२०८२।६।१० सम्म म्याद थप भएकोमा उक्त थप भएको अबधि भित्र पनिकार्य सम्पन्न हुन सकेको देखिएन। निर्माण व्यवसायीले म्याद थपको लागि निवेदन दिएकोमा लेखापरीक्षण अबधि २०८२ मंसिरसम्मम्याद थप नभई म्याद थप गर्ने प्रक्रियामा रहेको देखियो। पालिकाले सम्झौताका शर्त बमोजिम म्याद थप गरी निर्माण कार्य सम्पन्न गराउनुपर्दछ ।

६२.२ **भेरिएशन**-सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ र नियमावली, २०६४ नियम ११८बमोजिम भेरिएसन स्वीकृत गर्नुपर्ने व्यवस्था छ।अस्पताल निर्माण कार्यको लागि परामर्शदाता एस.वि.ईन्जिनियरिङ सोलुसन प्रा.लि.बाट पेश भएको बिस्तृत अध्ययन प्रतिवेदन (DPR) को आधारमा वोलपत्र आह्वान गरी भवन निर्माण कार्य सुरु गरेकोमा निर्माण कार्यको नक्सा (Design) बमोजिम ५२ मिटर लम्वाई र ३३ मिटर चौडाई भएको २ तले भवनको निर्माण कार्य सुरु गर्ने समयमा भवन निर्माण कार्यको लागि ५२ मिटर लम्वाई र २९ मिटर चौडाई (बाटोको लागि प्रयोग गर्नुपर्ने जग्गा समेत) को जग्गा मात्र उपलव्ध भएको भनि परामर्शदाताले ५२ मिटर लम्वाई र २२ मिटर चौडाईको ३ तले भवन निर्माण गर्न Design Revised गरी स्वास्थ्य मन्त्रालयमा पेश गरी Nepal Health Sector Support Program बाट परिमार्जित डिजाइन नक्सा बमोजिम कार्य अगाढी बढाउन स्वीकृत गरे बमोजिम हाल निर्माण कार्य भइ रहेको, परामर्शदाताले पेश गरेको परिमार्जित डिजाइन र लागत अनुमान बमोजिम भवन निर्माण कार्यको सूरु लागत अनुमान रु.१६,६८,६४,९०१।- र सुरु सम्झौता रकम रु.११,४४,९२,७९३।- रहेकोमा संशोधित डिजाइन बमोजिम लागत अनुमान रु.२,११,१६,३५१।०- बृद्धि भई रु.१८,७९,८१,८५२।०-र सम्झौता रकम रु.१,८५,४९,३६५।०- ले बृद्धि भई रु. १३,३०,४२,१५८।०- कायम भएकोमा परामर्शदाताले पेश गरेको संशोधित डिजाइन र लागत अनुमान बमोजिम भवन निर्माण कार्य निर्माणाधिन रहेकोमा संशोधित लागत अनुमानबमोजिम गत वर्षको प्रतिवेदनमा समेत उल्लेख गरेकोमा कार्यान्वयन भएको देखिएन। कानुन बमोजिम भेरिएशन स्वीकृत गरी कार्यसम्पन्न गर्नुपर्दछ।

६२.३ **पेश्की बाँकी-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम११३ को उप नियम (५) मा उपनियम (१) बमोजिम दिएको पेश्की खरिद सम्झौतामाउल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग विल वा अन्य विल विजकबाट कट्टागर्नुपर्ने व्यवस्था छ। त्यस्तै निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताको SCC Clause No. 57.3 मा प्रत्येक रनिङ विलबाट २० प्रतिशतको दरले र सम्झौता अबधिको ८० प्रतिशत समय सबै पेश्की फर्स्यौट गर्नुपर्ने व्यवस्था छ। पालिकाले निर्माण व्यवसायीलाई दिएको पेश्कीमध्ये आर्थिक बर्षको अन्तसम्म फर्स्यौट नभई रु.३१,२०,०००।- पेश्की बाँकी रहेको र निर्माण कार्यको म्याद समाप्त भएको तर म्याद थप नभएको अवस्थामा उक्त पेश्की जोखिममा रहेको व्यहोरा गत वर्षको प्रतिवेदनमासमेत उल्लेख भएकोमा कार्यान्वयन भएको देखिएन।सम्झौताको विशेष शर्त बमोजिम सम्पूर्ण पेश्की निर्माण व्यवसायीले पेश गरेको बैंक जमानतबाट असुल फर्स्यौट गर्नुपर्दछ।

६३ **म्याद थप नभएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० बमोजिम ऐन को दफा ५६ को अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनुभन्दा कम्तीमा एक्काइस दिन अगावै सशोधित कार्यतालिका सहित आवश्य प्रमाण कागजात संलग्न गरी सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनुपर्ने व्यवस्था भएको र सम्बन्धित पदाधिकारीले जाँचबुझ गरी म्याथ थप प्रक्रिया खरिद सम्झौता अवधिभित्र सम्पन्न गर्नुपर्ने व्यवस्था छ। पालिकाले कालिका दरबारे नौगाउँ सडक निर्माण कार्यको लागत अनुमान रु.१९,४६,०७८।० भएकोमा निर्माण व्यवसायी रोयल सेलेक्ट कन्स्ट्रक्सन प्रा.लि.सँग रु.११,०७,०८८।० मा मिति २०८२।३।२५ गते सम्पन्न गर्ने गरी २०८१।९।८ गते सम्झौता भएको देखिन्छ। निर्माण व्यवसायीले यस वर्ष रु.६,५६,०६३।० भुक्तानी गरेको छ। बाटो कटिङ्ग ०+५६० देखि २+५६० चेनेज सम्म २००० मिटर सडक विस्तार गर्नुपर्नेमा निर्माण व्यवसायीले ०+५६० देखि १+४८० चेनेज अर्थात् ९२० मिटर सम्ममात्र निर्माण कार्य गरेको छ। सडक निर्माण कार्यको लेखापरीक्षण अवधि २०८२।८।२१ सम्म निर्माण व्यवसायीले म्यादथपको निवेदन तथा म्याद थप भएको देखिएन । सम्झौता तथा कानुनमा व्यवस्था भए बमोजिमको निर्माण कार्य सम्पन्न गरिनुपर्दछ।

६४ **अधुरो कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिम काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशत नबढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको शून्ना दशमलब शून्य पाँच प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ। पालिकाले देहायको योजनाहरु मिति २०८२।३।२५ मा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा हालसम्म निर्माण कार्यको

अगाडी बढेको देखिएन । निर्माण व्यवसायीसँगको सम्झौता तथा खरिद कानुन बमोजिम निर्माण व्यवसायीलाई पूर्वनिर्धारित क्षतिपूर्ति लगाई कार्य सम्पनन्न गर्नुपर्दछ ।

सि.नं.	योजनाको नाम	निर्माण व्यवसायी	सम्झौता रकम	भुक्तानी रकम	सम्पन्न गर्न पर्ने मिति	कैफियत
१	स्वास्थ्य चौकी भवन निर्माण वडा नं.६(NCB 5-2081/82)	एस वि आर इन्जिनियरीङ कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि.	९८४२४२६	४६३१६६९	२०८२।३।२५	मिति २०८२।३।४ मा म्याद थपको निवेदन पेश गरेको तर हालसम्म म्याद थप नभएको
२	लोहोरे खोला करिडोर सडक निर्माण(NCB 4-2081/82)	डि.एस. सिम्रिक जे.भि.	१६६७१८९४	९२१४७९६	२०८२।३।२५	

६५ **कार्यसम्पन्न नभएको**

पालिकाले भावासैनी कागते निरगा ठूलो चम्लाय जोड्ने सडक उपभोक्ता समितिसँग रु.३५,९६,२८९।० कार्य गरी पालिकाबाट रु.२८,८०,०००।० भुक्तानी हुनेगरी उपभोक्ता समितिसँग भएको सम्झौतामा उल्लेख छ। समितिले उक्त सडक निर्माण कार्य रु.२२,५८,२२०।० अर्थात् संझौता भन्दा ३७.२० प्रतिशत घटी कार्य गरी पालिकाले समितिलाई रु.१८,०६,५७६।० भुक्तानी दिएको छ। पूर्वाधार विकास कार्यालय, दैलेखले समेत यसै सडकमा कार्य गरेकोले समयमा ठेक्का व्यवस्थापन हुन नसकेको साथै उपभोक्ता समितिमार्फत कार्य गराउँदा समेत Alignment को माथिल्लो विन्दुबाट कार्य सुरु गर्नुपरेको कार्यालयको भनाइ छ। पूर्वाधार विकास कार्यालय र पालिकाले निर्माण गरेको सडक एउटै भएकोले पालिकाले सुरु गरेकोचेनेज समेत ०+००० देखि १+५८० सम्म गरेकोले कार्यमा दोहोरो नभएको सुनिश्चत भएन । पालिकाले सडक निर्माण कार्य बाँकी नै हुँदा उपभोक्ता समितिलाई कार्य स्वीकार प्रतिवेदन जारी गरी संझौता बमोजिमको कार्य नगरेकोले उक्त भुक्तानी रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१८,०६,५७६

६६ **परामर्श कार्य**

६६.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाकोमात्र विस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढीदक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरीप्रतिस्पर्धात्मक माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायअनुसारका परामर्श सेवा खरिद गरी रु.१० लाख ८५ हजार खर्च लेखेको छ।उपलव्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमलेपरामर्श सेवा खरिद गर्नुपर्नेमा लगत अनुमानकै हाराहारीमा भुक्तानी दिनेसम्झौता गरी खर्च गरेको छ। अध्ययन प्रतिवेदन तयार भएका योजनाहरुकार्यान्वयन गर्नुपर्दछ ।

योजनाको नाम	**परामर्श दाता**	**लागत अनुमान**	**भुक्तानी**
वडा कार्यालय र हेल्थपोष्ट भवन डिपिआर	मुन लाईट इन्जिनियरिङ्ग एण्ड रिसर्च कन्सल्टेन्सी प्रा.लि.	११२०६०७	१०८४८००

६६.२

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१०** को निर्णयले रू **१२४,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६७ **सहिद स्मृति भवन**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवाको खरिद गर्नु अघि त्यस सम्बन्धी स्पेशिफिकेशन, योजना, नक्सा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले सहिद स्मृति भवन वडा नं.१ निर्माण कार्यको लागि लागत अनुमान रु.२२,५१,८०३।० भएकोमा उपभोक्ता समिति मार्फत रु.२१,५७,३२५।० को कार्य गराई पालिकाले रु.१८,३९,५५१।० भुक्तानी गरेको छ। उक्त भवनको रंगरोगन, प्लास्टर, Inner wall, झ्यालको सटर लगायतका कार्य बाँकी देखिन्छ। प्रदेश सरकारको लगानी भएकोमा उक्त कार्य सहिद स्मृति भवन समाप्त गरी कार्य सम्पन्न गर्नुपर्दछ।

६८ सरकारी भवन उपभोक्ता समितिमार्फत कार्य

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारी सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समितिबाट कार्य गराउन वा सेवा लिन सक्ने व्यवस्था छ। पालिकाले संघीय अन्तरसरकारी अख्तियारीको स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम र प्रदेश सरकारको सशर्त अनुदानबाट देहायको भवन निर्माण कार्य उपभोक्ता समितिमार्फत गराई रु.१,१२,५३,५१४।० खर्च भुक्तानी दिएको छ। पालिकाले जटिल प्राविधिक प्रकृतिको कार्य उपभोक्ता समितिबाट गराई भुक्तानी दिएको रकम नियमसम्मत नदेखिएको रु.

सि.नं.	योजनाको नाम, ठेगाना	लागत अनुमान रकम	कार्यसम्पपन्न रकम	भुक्तानी रकम	कैफियत
१	आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण वडा नं. ४	४१९३१०९	३७३९११८	३३२८०७५	
२	आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण वडा नं. २	४१९३३९५	३८१३९३८	३३९४५४३	
३	वडा कार्यालय भवन निर्माण वडा नं.४	५६१९५६४	५३०४२५६	४५३०८९६	कार्य सम्पन्न पेश नभएको ।
	जम्मा	**१४००६०६८**	**१२८५७३१२**	**११२५३५१४**	

अनियमित भएको	१,१२,५३,५१४

६९ प्याकेज विना कार्य

सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ३(क) मा एक आपसमा अन्तरसम्बन्धित भएमा अधिकतम प्रतिस्पर्धा हुने गरी प्याकेजमा समावेश गर्नुपर्ने साथै नियम ५(क) मा सार्जजनिक निकायको प्रमुखले कुनै पनि निर्माण कार्य गर्नु अघि स्पेशिफिकेशन, योजना, नक्सा डिजाईन विषेश आवश्यक्ता वा अन्य विवरण तयार गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले वडागत रुपमा बजेट विनियोजन गरी व्याकहो लोडर तथा स्काभेटरको प्रतिघण्टाको दररेटको लागि सात दिने कार्यालयमा सूचना प्रकाशन गरी पेश भएको आधारमा वडा गतरुपमा संझौता गरी कार्य गराएको छ। पालिकाले सम्पूर्ण कार्यको प्याकेज नबनाइ वडागत रुपमा छुटाछुट्टै वजेट व्यवस्थापन तथा प्रतिघण्टा दररेटको आधारमा लागत अनुमान बनाई रु. ४६,२८,२६३।० भुक्तानी भुक्तानी दिएको देखियो। पालिकाले कामको परिमाण र सोको लागि चाहिने समय खुलाएको प्रमाण पेश गरेको छैन। साथै पालिकाले प्रतिस्पर्धा सीमित हुनेगरी खरिद कानुन बमोजिम प्रकृया वेगर भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

सि.नं.	विवरण	निर्माण व्यवसायी	प्रतिघण्टा	बजेट रकम	भुक्तानी रकम
१	वडा नं. १ सडक सोरसार तथा मर्मत	स्टार कर्णाली कन्स्ट्रक्सन	२०००	६०००००	५७९२३८
२	वडा नं. २ सडक सोरसार तथा मर्मत	बंडाली कन्स्ट्रक्सन एण्ड सप्लायर्स	२०००	८०००००	७७२३५५
३	वडा नं. ३ सडक सोरसार तथा मर्मत	बंडाली कन्स्ट्रक्सन एण्ड सप्लायर्स	२२००	७०००००	६७६०४५
४	वडा नं.४ सडक मर्मत तथा सरफाई	बंडाली कन्स्ट्रक्सन एण्ड सप्लायर्स	२१००	५०००००	४४९२७५
५	वडा नं. ५ सडक मर्मत तथा सफाई	विवेक निर्माण सेवा	२२००	६०००००	४४०५१९
६	वडा नं. ६ सडक मर्मत तथा सरसफाई	बंडाली कन्स्ट्रक्सन एण्ड सप्लायर्स	२१००	६०००००	५७९०१२
७	वडा नं. ७ सडक सोरसार तथा मर्मत	बंडाली कन्स्ट्रक्सन एण्ड सप्लायर्स	२०००	३५००००	२५८२१२
८	वडा नं. ८ सडक सोरसार तथा मर्मत	पञ्चदेवल निर्माण सेवा	२०००	७०००००	६७३६०७
	वडा नं. ८ सडक सोरसार तथा मर्मत (द्वारी छिहिरा भित्रिखोला सडकबाट भुक्तानी)				२०००००
		जम्मा		**४८५००००**	**४६२८२६३**
				अनियमित भएको	४६,२८,२६३

७० **सव-कन्ट्राक्टरबाट कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएकोकाम आफैले सम्पन्न गर्नुपर्ने, कुनै निर्माण व्यवसायिक तथासवकन्ट्रयाक्टरबाट गराउन नसकिने, त्यस्तै नियम १३(क)मा उपभोक्ता समितिलेआफूले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराएको पाइएमासार्वजनिक निकायले उक्त उपभोक्ता समितिसँग भएको सम्झौता गद्द गरी त्यस्तोउपभोक्ता समितिलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेखराखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिदअनुगमन कार्यालयलाई सिफारिस गर्नुपर्ने उल्लेख छ। पालिकाले रु.१६,९२,१७२।० लागत अनुमान भएको सडक निर्माण कार्य उपभोक्ता समितिबाट गराई रु.१४,३८,०९६।० भुक्तानी गरेको छ। पालिकाले कामको नापी किताव तथा उपभोक्ताको निर्माण सम्बन्धी विल पेश गरेको छैन । उक्त निर्माण कार्यमा बंगाली कन्स्ट्रक्सनबाट कार्य गराई उपभोक्ता समितिले रु.११,६४,८०२।० को विल पेश गरी भुक्तानी लिएको नियसम्मत देखिएन। उपभोक्ता समितिले गरेको कार्यको नापी किताव र विल तथा कार्यसम्पन्न प्रतिवेदन पेश पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१४,३९,०९६

७१ **कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चाज स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था रहेको छ। कार्यालयले कन्टिन्जेन्सी खर्च तर्फ मर्मत तथा इन्धनमा रु.११,४४,२००।० कार्यालय सञ्चालन तथा अनुगमनमा रु.२७,२९,२००।० र अन्य विविध रु.५०००००।० समेत यस वर्ष रु.४३,७३,४००।० कन्टिन्जेन्सी खर्च गरेको छ ।

विवरण	खर्च शीर्षक	रकम
वर्क चार्ज खर्च	मास्टररोल ज्याला	०
	सवारीसाधन मर्मत	३०००००
	अनुगमन तथा भ्रमण	१७०००००
	जम्मा	२००००००
सानातिना अन्य खर्च	इन्धनखर्च	८४४२००
	स्टेशनरी, छपाइ, सूचना प्रकाशन आदि	३०००००
	विविध	५०००००
	खप्नेमाल सामान खरिद	७२९२००
	जम्मा	२३७३४००
	कुल जम्मा	४३७३४००

सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थितगर्ने निर्देशिका,२०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार किताबमा उल्लेख गर्नुपर्नेमा गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्दछ।

महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको आर्थिक संकेत तथा वर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा वर्गीकरण अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लखाङ्कन गर्नुपर्ने रकमहरु जस्तै मर्मत संभार, स्टेशनरी छपाई, सुचना प्रकाशन, इन्धन, दैनिक भत्ता जस्ता कार्यमा रु.४३ लाख ७३ हजार समेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिन्दैन।

कन्टिन्जेन्सी रकमबाट विविध, कार्यालय सामान, इन्धन लगायका चालु खर्च शीर्षकका खर्चहरु समेतलाई पुँजीगत बजेट शीर्षकतर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्न बनेको निर्देशिका, २०७४ लेख उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको एकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ ।

७२ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

प्रधानमन्त्री रोजगार कार्यक्रम संञ्चालन निर्देशिका २०७५ वमोजिम स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वडामा २२ योजना सञ्चालन गरी यस वर्ष ९३ जनालाई औसत ८५.९१ दिनले ७९९० दिन रोजगारी उपलव्ध गराई रु.५३,३७,३२०।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा कार्यपालिकाको निणर्य अनुसार दोहोरोपना नभएको भनि कार्यलयको रिर्पोटमा छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

७३ **मुख्यमन्त्री रोजगार कार्यक्रम**

मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविध, २०७८ बमोजिम कर्णाली प्रदेश बेरोजगार तथा कोभिड-१९ बाट प्रभावित युवालाई स्थानीयस्तरमा रोजगारी सृजना गर्न तथा आय आर्जन कृयाकलाप संचालन गर्न सामुदायिक पूर्वाधार निर्माण कार्यमा संलग्न गराई गरिबी निवारणमा योगदान पुर्‍याउने उद्देश्यले स्थानीयतह भित्र मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वडामा ८ योजना सञ्चालन गरी यस वर्ष १०९ जनालाई औसत ९७।३६ दिनले १०६१३ दिन रोजगारी उपलव्ध गराई रु.७०,८९,४८४।० श्रमिक ज्याला खर्च र सामान खरिदमा रु.४०,४७,०७७।०० गरी रु.१,११,३६,५६१।० खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सुनिश्चित गर्नुपर्दछ ।

७४ **सामाजिक सुरक्षा भत्ता**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस वर्ष पालिकाले रु.८,६५,९०,१९६।० लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता वितरणको गरेको छ।

७५ **आन्तरिक लेखापरीक्षणको व्यहोरा**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७७(३) उपदफा २ मा लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हनु भन्दा अगावै सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ। पालिकाले यस बर्षको आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोरा सम्बन्धमा कारबाही गरेको देखिएन। सो सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छनः

७५.१ **राजश्व छुट**: गाउँपालिकाले राजश्व छुट दिने सम्बन्धि कुनै पनि निर्णय गरेको छैन तर पनि कतिपय वडाहरुको राजश्व छुट वडा अध्यक्षहरुको आदेश अनुसार छुट गरेको देखिन्छ। पालिकाबाट राजश्व छुटको निर्णय नभएको अवस्थामा वडा अध्यक्षले छुट दिने निर्णय नियमसम्मत नभएकोले यस्तो कार्यलाई नियन्त्रण गर्नुपर्दछ।

७५.२ (४७-2081-07-11):

स्वास्थ्य उपकरण: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। स्वास्थ्य शाखावाट सुर्खेत सर्जिकल एण्ड मेडिकल सप्लायर्सबाट रु. ४९९९९ को १० थान बिपिसेट खरिद भएकोमा उक्त बिपिसेट बुझाएको भरपाई पेश नभएकाले सो भरपाई पेश गर्नुपर्ने अन्यथा असुलउपर गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४९,९९९

७५.३ (५-2082-02-29):

घाँस खरिदः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।गो.भौ.नं ५/२०८२-०२-२९ कृषि शाखाले दुर्गा भवानी एग्रोभेट सेन्टरबाट रु १२७४४५ को औषधी र घाँस खरीद गरेकोमा उक्त घाँस कसलाई वितरण गरेको भरपाई पेश नगरेकाले भरपाई पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१,२७,४४५

७५.४ **बाखा पकेट कार्यक्रम**:आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।बाखा पकेट कार्यक्रमका लागी खगेन्द्र प्रसाद न्यौपानेले बैठक तथा अनुगमण भत्ता बुझाएको भरपाई संलग्न नभएकाले उक्त भरपाई पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,३१,६५०

७५.५ **ल्यापटप खरिद**:आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियममावली, २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई प्राप्त

हुन आएको सम्पति तथा जिन्सी सामान सात दिन भित्रमा जिन्सी खातामा आम्दानी बाँधी लगत अद्यावधिक गराउनुपर्ने उल्लेख छ। पालिकाले गो.भौ.नं २५/ २०८१-१०-१४ वाट वडा नं ८ मा रु १ लाखको ल्याप्टप खरिद गरी वडामा मात्र दाखिला भएको तर पालिकाको जिन्सी खातामा दाखिला नभएकाले पालिकामा दाखिला गर्नुपर्ने अन्यथा असुलउपर गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,००,०००

७५.६ (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **२,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **२,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **५,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : नौमुले गाउँपालिका, दैलेख , नौमुले गाउँपालिका , दैलेख

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	दमन दाहाल	२०८१-६-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	कबिराज जैसी	२०७५-८-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
७६२,३८७	२७,२२१,८७७	५,१२२,५८३	०	०	४७७,०००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					३३,५८३,८४७
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					९२०,४८५
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					३२,६६३,३६२

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		५३२५४९७८.१४	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४२८७८६६०५.८७	चालु खर्च	४४७५१६७११.१३
प्रदेश सरकारबाट अनुदान	५६०४२६४१	पूँजीगत खर्च	१४२७२२४०५.७
राजश्व बाँडफाँट	९११७१४०४.०१	वित्तीय/अन्य व्यवस्था	०.०
आन्तरिक आय	४३३७५७१.०		
अन्य आय	४६९५२४७.०		
कुल आय	५८५०३३४६८.८८	कुल खर्च	५९०२३९११६.८३
बाँकी मौज्दात		४८०४९३३०.१९	

अनुसूची - २

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

एकीकृत वित्तिय प्रतिवेदन (म.ले.प.फा.नं २७०)

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		९,३२,८२,००४.००	०	९,३२,८२,००४.००	८,२३,९२,७७७.५५	०	८,२३,९२,७७७.५५
१३०००	अनुदान		३५,५७,३८,५८४.०८	१,६७,८८,७०४.७९	३७,२५,२७,२८८.८७	३३,२७,९१,५७३.२०	१,७५,९७,६७९.५०	३५,०३,८९,२५२.७०
१४०००	अन्य राजस्व		२२,४९,०९५.७६	०	२२,४९,०९५.७६	१८,०६,८६९.६६	०	१८,०६,८६९.६६
क	कुल जम्मा प्राप्ति		४५,१२,६९,६८३.८४	१,६७,८८,७०४.७९	४६,८०,५८,३८८.६३	४१,६९,९१,२२०.४१	१,७५,९७,६७९.५०	४३,४५,८८,८९९.९१
३	चालु		३३,२४,१७,८०६.३४	८५,८८,७०४.७९	३४,१०,०६,५११.१३	३४,५५,००,८३८.९२	७३,९७,६७९.५०	३५,२८,९८,५१८.४२
२१०००	पारिश्रमिक / सुविधा		१५,२८,४२,२७१.६९	४९,३७,९९९.७९	१५,७७,८०,२७१.४८	१०,७४,४९,२२३.६५	२१,१४,०००.००	१०,९५,६३,२२३.६५
२२०००	मालसामान तथा सेवाको उपयोग		८,६५,११,२१६.३१	३६,५०,७०५.००	९,०१,६१,९२१.३१	५,६२,९४,००४.१०	५२,८३,६७९.५०	६,१५,७७,६८३.६०
२५०००	सहायता (Subsidy)		७,९३,६५,७३४.००	०	७,९३,६५,७३४.००	१५,८२,१३,४९६.१७	०	१५,८२,१३,४९६.१७
२७०००	सामाजिक सुरक्षा		१९,७०,९७०.००	०	१९,७०,९७०.००	६१,६३,३८८.००	०	६१,६३,३८८.००
२८०००	अन्य खर्च		१,१७,२७,६१४.३४	०	१,१७,२७,६१४.३४	१,७३,८०,७२७.००	०	१,७३,८०,७२७.००
४	पूंजीगत		११,४६,२९,६३८.७०	८२,००,०००.००	१२,२८,२९,६३८.७०	८,६५,९०,०२०.४९	१,०२,००,०००.००	९,६७,९०,०२०.४९
३१११०	भवन तथा संरचना		१८,९३,८५२.००	०	१८,९३,८५२.००	९९,२२,७६२.७३	०	९९,२२,७६२.७३
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		३६,२८,४७३.००	०	३६,२८,४७३.००	१७,७५,७९३.००	०	१७,७५,७९३.००
३११३०	अन्य पूँजीगत खर्च		२,९४,२००.००	०	२,९४,२००.००	१,७३,१४०.००	०	१,७३,१४०.००
३११५०	सार्वजनिक निर्माण		१०,८८,१३,११३.७०	८२,००,०००.००	११,७०,१३,११३.७०	७,४७,१८,३२४.७६	१,०२,००,०००.००	८,४९,१८,३२४.७६
ख)	कुल जम्मा भुक्तानी		४४,७०,४७,४४५.०४	१,६७,८८,७०४.७९	४६,३८,३६,१४९.८३	४३,२०,९०,८५९.४१	१,७५,९७,६७९.५०	४४,९६,८८,५३८.९१
ग)	बचत /कमी (ग = क-ख)		४२,२२,२३८.८०		४२,२२,२३८.८०	(१,५०,९९,६३९.००)		(१,५०,९९,६३९.००)
घ)	धरौटी, आकस्मिक कोष		(२३,७४,३९६.०९)		(२३,७४,३९६.०९)	(२६,१८,०२८.८६)		(२६,१८,०२८.८६)

	लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)							
घ.१)	कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी					-१,८७५.००		-१,८७५.००
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		१८,४७,८४२.७१		१८,४७,८४२.७१	(१,७७,१७,६६७.८६)		(१,७७,१७,६६७.८६)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		४,३१,८५,३२७.८४		४,३१,८५,३२७.८४	६,०९,०२,९९५.७०		६,०९,०२,९९५.७०
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		४,५०,३३,१७०.५५		४,५०,३३,१७०.५५	४,३१,८५,३२७.८४		४,३१,८५,३२७.८४

बेरूजु दफा २३ सँग सम्बन्धित विवरण - अनुसूची -४

ठेक्का विवरण

l;=g=	योजनाको नाम र ठेक्का नंबर	निर्माण व्यवसायीको नाम	सम्झौता मिति	जम्मा लागत अनुमान रकम पिएस र भ्याट बाहेक	जम्मा सम्झौता रकम	भुक्तानी रकम	घटी प्रतिशत
1	Construction of Dwari,Vande, Sanochamlaya road (NCB/NRM/W/01/DVSC/2081-082)	Civil Nirman Sewa,Narayan-6, Dailekh.	2081.09.08	13608000	6601310.4	5976089.18	५१.४९
2	Construction of Kalika, Darbare, Naugaun Road NCB/NRM/W/02/KDNR/2081-082	Roayal select construction, Narayan-6, Dailekh.	2081.09.08	2013974.41	1107088.64	656063.76	४५.०३
3	Construction of Naumule,Chauratha Road Lohorekhola- NCB/NRM/W/03/NCSL/2081-082	Roayal select construction, Narayan-6, Dailekh.	2081.09.08	2500306.56	1292633.6	1175527.68	४८.३
4	Construction of Lohorekhola Karidor Nirman NCB/NRM/W/04/LKCN/2081-082	D/S Simrik JV Dhunsini-03, Kavre	2082.01.08	26000000	16671893.96	9214796.44	३५.८८
5	Construction of Health post building ward no.06 NCB/NRM/W/05/HPW6/2081-082	S.B.R. Engineering consultancy and construction Pvt.Ltd. Birendranagar-03, Surkhet.	2082.01.08	12000000	9842427.38	4631669.48	१७.९८
1	Construction of Health post gherbar naumule 6, ward no.06. SQ/NRM/W/01/HPG6/2081-082	Civil nirman sewa, Narayan-Dailekh	2081.08.20	1502195	845731.41	822248.11	४३.७
2	Up-grading work of Jhilke, Chauratha, Paiti, Salleri Road, ward no.06,07,08. SQ/NRM/W/02/JCPSU/2081-082	Civil nirman sewa, Narayan-Dailekh	2081.08.20	1500147.98	799715.17	751003.93	४७.६९
3	Procurement of Medicine (SQ/NRM/GOODS/01/2081-082)	/f/f d]l8l;g ;v]{t	2081.08.20	3493832	1298214.06	1298214.06	६२.८४
4	Procurement of Medicine (SQ/NRM/GOODS/02/2081-082)	Sumit Medico pharma, Nepalgunj Banke	2082.03.13	2195661.55	692158.25	692158.25	६८.४८
जम्मा भुक्तानी				64814117.5	39151172.87	25217770.89	

सुझाव

स्थानीय तहहरुद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्र्योट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्र्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्र्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।